सम्पूर्ण आदिवासी मगरहरू – एक होऔं !

*आत्मनिर्णयको अधिकार, स्वशासन र मगरात स्वायतता !*

*वैज्ञानिक समाजवादका लागि सच्चा, सवल र सुद्धढ एकता !!*

# मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपाल



# राजनैतिक तथा सांगठनिक प्रतिवेदन
# र
# विधान - २०५९ (संशोधन - २०७८)

**सम्पूर्ण आदिवासी**
**मगर अग्रज व्यक्तित्वहरू तथा**
**शहिदहरूप्रति उच्च आदर सम्मान सहित**
**समर्पण भाव व्यक्त गर्दछौं !**

## विषयसूचि


| क्र.सं. | शिर्षक | पृष्ठ |
| --- | --- | --- |
| १. | मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपालको राजनैतिक तथा सांगठनिक प्रतिवेदन | १-२६ |
| २. | मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपालको विधान-२०५९ (संशोधन - २०७८) | २९-४० |
| ३. | अनुसूची - १ देखि ११ सम्म | ४१-५२ |
| ४. | परिशिष्ट खण्ड - (क) देखि (ठ) सम्म | ५४-७६ |

# मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपालको राजनैतिक तथा सांगठनिक प्रतिवेदन

## (पाचौं राष्ट्रिय सम्मेलनमा प्रस्तुत एवं पारित)

**मिति २०७८ पौष ९ र १० गते, काठमाडौं**

१) **मुलनाराः** ***आत्मनिर्णयको अधिकार, स्वशासन र मगरात स्वायतता !***
***वैज्ञानिक समाजवादका लागि सच्चा, सवल र सुद्धढ एकता !!***

प्रमुख अतिथि ज्यु,
अतिथि गण, प्रतिनिधी, पर्यवेक्षकहरूमा,
जेदो, झोर्ले, झोरा, मिझोर, सेमिङेपाउ, क्रान्तिकारी अभिवादन ।

हाम्रो मगर राष्ट्रिय मगर मुक्ति मोर्चा नेपाल सम्पुर्ण मगरहरूको हक, हित र अधिकार प्राप्तिका लागी वर्ग संर्घषको भट्टीबाट जन्मिएको एक अग्रगामी, प्रगतिशिल सामाजिक तथा राजनैतिक मोर्चा हो । हाम्रो मोर्चा नेपाल आदिवासी जनजाति संयुक्त मोर्चाको एक घटक सँगठन हो । वर्गीय मुक्तिसँगै जातीय उत्पीडनबाट मुक्त हुन सकिन्छ र समानतमा आधारित समतामुलक समाज निमार्ण गर्न सकिन्छ भन्ने कुरामा हमी विश्वास गर्दछौं । वैचारिक रुपमा मालेमावाद र मानवतावादको झण्डा उठाउँदै सबै खाले अन्धजातिवाद, र उच्च जातीय अहंकारवादको भण्डाफोर गर्दै सामन्ती दलाल पूँजीवाद, नवउपनिवेसवाद, साम्राज्यवादी, शोषण, दमन, उत्पीडनको विरुद्ध संघर्ष गर्नु हाम्रो तत्कालिन कार्यनीति हो । सबैखाले प्रतिक्रियावादी सोच चिन्तन र व्यवहार विरुद्ध संघर्ष गर्दै नेपाली वर्ग संघर्षले प्राप्त गरेको उपलब्धिको रक्षा गर्न जनवादी क्रान्तिको बाँकी कार्यभार पुरा गर्दै समाजवादी क्रान्तिको बाटोमा अघि बढ्ने तयारीमा हामी जुटिरहेको अवस्था हो । वर्तमान विशिष्ट परिस्थितिमा संघीय लोकतान्त्रिक

गणतन्त्र, धर्मनिरपेक्ष, समानुपातिक, समावेसी, प्रतिनिधित्वको व्यवस्थालाई पूर्ण रुपमा कार्यान्वयन गर्ने वर्गीय, जातीय, क्षेत्रिय र लैङ्गिक, उत्पीडनको अन्त्य गर्दै पूर्ण समानुपातिक प्रतिनिधित्व अधिकारलाई सुनिश्चित गर्ने आदिवासी जनजातिहरूको आत्मनिर्णयको अधिकार, स्वशासन र स्वयत्ततालाई लागु गर्नु हाम्रो प्रमुख राष्ट्रिय कार्यभार हो । मगर समुदायको ऐतिहासिक पहिचान आदिभूमी मगरात राष्ट्रको गौरव हो । मगरात स्वायत्तताको अधिकार मगरात भूमीमा बसोबास गर्ने सम्पुर्ण जनताको नैसर्गिक अधिकार हो । राष्ट्रिय पूँजीको विकास गर्दै वैज्ञानिक समाजवादमा पुग्न उत्पीडित वर्ग र समुदायको सच्चा सबल, र सुदृढ एकता आजको अपरिहार्य आवश्यकता हो । यसै तथ्यलाई हृदयगम गर्दै यस महत्वपूर्ण घडीमा मोर्चाको पाँचौ राष्ट्रिय सम्मेलन आयोजना हुन गइरहेको छ । यस अवसरमा हाम्रो मार्चाको निम्तोलाई स्वीकार गरी उपस्थिती हुनुभएका प्रमुख अतिथि ज्यू, अतिथि ज्यू, र सम्मेलनमा उपस्थित प्रतिनिधि पर्यवेक्षक ज्यूहरूलाई स्वागत गर्दै क्रान्तिकारी अभिवादनका साथ धन्यवाद व्यक्त गर्दछौं ।

२) **श्रद्धाञ्जली तथा सम्मान** :

समाज परिवर्तन विज्ञानको नियम हो । हत्केलाले सुर्य छेकिँदैन भने जस्तै क्रान्ति र परिवर्तनको नियमलाई पनि रोक्न छेक्न सकिँदैन । यदि कसैले त्यसो गर्न खोजेमा त्यो दुष्प्रयास मात्र हो । फेरि पनि हामीले इतिहासमा ठुला ठुला आन्दोलन क्रान्तिमा भएका नरसंहार, वलिदानका घटनाहरूको बारेमा चर्चा गरेका पाउँछौं । इतिहासले मागेका जस्तो सुकै मुल्य पनि चुकाउनु पर्दो रहेछ भन्ने कुरा घटनाक्रमले बताउँछ । परिवर्तन सहज सरल छैन, हुँदैन, त्यो प्रसव वेदना, घुमाउरो कठिन घुम्ति र मोड हुँदै अघि बढ्छ । परिर्वतनको बाटोमा ठुला चुनौतीहरू खडा हुन्छन् । त्यसैलाई पन्छाउँदै अघि बढ्दा क्षेति उपलब्धी दुबै हुन्छ । देश र समाजका परिवर्तनका वीर विरङ्गनाहरूले आफूलाई भौतिक रुपमा बलिदान दिन तयार हुन्छन् । राणा शासनका विरुद्ध विर लखन थापा मगर, जयसिङ चुमि मगरले वलिदान दिनु भयो । सामन्ती सत्ता ढाल्न कामी बुढा मगर लड्दा लड्दै हुम्लामा विरगति प्राप्त गर्नु भयो । जनयुद्धमा दिल बहादुर रम्तेल देखि जयधन थापा, लहरे पुन, तेजमान घर्ती, विजय घले, दौलत घर्ति, प्रेम रोका, केवल गाहा, फत्त स्माली, शंकर खपाङ्गी, रेउली घर्ति, हिरा सारु लगायत २ हजार मगर सपुत गरी करिब १४ हजार विर सपुतहरूले जनयुद्धमा उच्च सहादत प्राप्त

गर्नुभयो । त्यसैगरी मधेश आन्दोलन, जनजाति आन्देलन, क्षेत्रिय मुक्ति आन्दोलन, प्रदेश आन्दोलन लगायतका सबै सहिदहरू प्रति सम्मान गर्दछौँ । अतः हामी सम्पुर्ण सहिदहरू प्रति उच्च सम्मान प्रकट गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । सयौं घाइते बेपत्ता योद्धाहरूप्रति सम्मान व्यक्त गर्दछौं ।

३) **मगर जातिको परिचय** :

मगर जाति नेपालको प्राचीन आदिवासी भएको इतिहासमा स्वयंसिद्ध तथ्यहरू स्पष्ट छन् । मंगोल महावंश अन्तर्गत रहेको मगर जाति ढुङ्गेयुग तथा सिकारी युग देखि नै अनवरत वर्तमान भुमीमा विचरण गर्दै आएको कुरा इतिहासकार र विज्ञहरूले बताएका छन् । नेपालको सुचिकृत ५९ आदिवासी जनजाति मध्ये जनसंख्याको आधारमा पहिलो र राष्ट्रको जनसंख्यामा तेश्रो स्थानमा रहेको मगर जातिको कुल जनसंख्या १८,८७,७३३ (रा.ज. २०६८ अनुसार) छ । भौगोलिक हिसाबले १३,२४,५२५ (७०.१०%), तराईमा ५,२४,४२५ (२८.३६%) र हिमालमा २७,७८३ (१.४८%) मगर जातिको बसोबास छ । मगरहरू गाँउमा १६,५४,८४१ (८७.६६%) शहरमा २३२,८९२ (१२.३४%) बसोबास रहेको छ । वर्तमान संघिय गणतन्त्र नेपालको ७ वटै प्रदेश र ७७ जिल्लामा मगरहरूको उपस्थिति छ । प्रादेशिक हिसाबले ५ नं. लुम्बिनी प्रदेशमा ३५.९%, गण्डकी प्रदेशमा २४%, बागमती प्रदेशमा १४.३%, प्रदेश नं. १ मा १०%, कर्णाली प्रदेश ९%, प्रदेश नं. २ मा ३.५%, प्रदेश नं. ७ मा ३% मगर जनसंख्या रहेको उल्लेख गरिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार हाल मगरहरूको कुल जनसङ्ख्या २०,१३,४९८ (६.९%) रहेको छ। जसमा मातृभाषाको रुपमा मगर ढुट बोल्ने ८,१०,३१५ (२.७८%), मगर खाम बोल्ने ९१,७५३ (०.३१%) र मगर काइके बोल्ने १,२२५ (०.००%) रहेको देखिन्छ।

केन्द्रिय तथ्याङ्क विभाग २०६८ अनुसार नेपालको राष्ट्रिय साक्षरता औसत दर ६५.९% छ । मगरको साक्षरता दर ७१.०९% देखाइएको छ । तर जनसंख्याको तेस्रो स्थनमा रहेको मगर जाति साक्षरताको हिसाबले २७औं स्थानमा रहेको छ । साक्षरता दर आधारभूत शिक्षा प्राप्त गर्ने ७३.६८%, माध्यामिक तहमा उत्तिर्ण गर्ने २४.९८% र उच्च शिक्षा (स्नातक तहभन्दा माथि) उत्तिर्ण गर्ने १.३४% छ । ब्राह्मणहरूको उच्च शिक्षा उत्तिर्ण गर्ने दर १०.३०% छ । यसले मगर जातिको शैक्षिक अवस्था प्रस्थान बिन्दुबाट उकालो र ओरालो गर्दै अन्तिम नतिजा भने कम्जोर

रहेको देखाउँछ । नेपालको सबै भागमा छरिएर बसेको आदिआबासी मगर जाति राप्ती, धौलागिरी, लुम्बिनी र गण्डकी क्षेत्रमा सघन बसोबास रहेको छ । मगरहरू भाषिक रुपले ढुट (बाह्र), खाम/पाङ, (अठार) र काइके गरी तीन भाषिक समुह रहेको छ । तीन समुह मध्ये भौगोलिक हिसाबले ढुट र खाम भाषिक समुदाय उच्च पहाड, मध्य पहाड र तराईमा रहेका छन् भने काईके मगर भाषिक समुह हिमाली क्षेत्र डोल्पामा रहेको देखिन्छ ।

धार्मिक साँस्कृतिक रुपमा आफ्नै पहिचान बोकेको मगर समुदाय पछिल्लो चरणमा हिन्दु सांस्कृतिक अतिक्रमनको चपेटामा परेको देखिन्छ । प्रकृति पुजक मगर जाती प्रकृति धर्म संस्कृति नै मुख्य पहिचान हो । पछिल्लो चरणमा बौद्ध धर्मलाई अंगाल्न खोजेतापनि हिन्दु सर्वसत्तावाद नै हाबी देखिएको छ । तथापी मगर जाति मगराती संस्कृति बचाउन सफल नै छन् । सोरठी, मारुनी, घाटु जस्ता लोकनाट्य कलाहरू अध्यावधिक रहेका छन् । हालसम्म देखा परेका मगर मुख्य थरहरू राना, थापा, आले, घर्ति, बुढा, रोका र पुन हुन् । त्यसैगरी मगरहरूको ९०० भन्दा बढी थर-उपथर (कैरन/साखास्युरु (गोत्यार)/स्युरु/रुईबा) रहेका छन् । परापुर्वकालमा मगरहरूले राज्य सञ्चालन गरेको भूमी (मगरात) नामाकरण हुनु मगर जाति प्राचिन सभ्यता बोकेको स्थिर समुदाय हो भन्ने कुरा प्रमाणित हुन्छ । अरिमुडी, बलिहाङ, दाऱ्या जैतन, मानसिं खड्का आदि मगर राजाका नामहरूको बारेमा इतिहासमा पढ्न पाइन्छ । मगरात अन्तर्गत बाह्र र अठार गणसंघ विघटन भएपछिको अवस्थामा मगरहरू मगरातभुमीबाट विस्थापित हुने प्रक्रिया अघि बढेको देखिन्छ । विभिन्न इतिहासकार विद्वानहरूको भनाई अनुसार ताम्रापत्र, वंशावली तथा देशकाल परिस्थितिको परम्परागत चलनचल्ति वा पुष्ट्र्याईंलाई हेर्दा महाराजिका, महरा, माहर, माङ्गर, मङ्गर आदि शब्दावलीबाट मगर शब्द नामाकरण भएको हुन सक्ने तर्कहरू रहेको छ । यस सम्बन्धमा खोज अनुसन्धान हुन बाँकी नै छ । राज्यबाट प्रताडित, उपेक्षित, उत्पीडनमा परेको मगर समुदाय भाषिक, सामाजिक, आर्थिक र राजनीतिक रुपले घोर अन्यायमा परेको तथ्य र तथ्याङ्कहरूले पुष्टि गर्दछ ।

### ४) मगर समुदाय, मगरात र राज्य व्यवस्था

मानव समुदायको विकासक्रम गोत्र, कविलाई, प्रजाति, जनजाति र जातिको रुपमा हुँदै आएको विषय हो । विभिन्न भुखण्डमा रहेको मानव सभ्यताहरूको अध्ययनबाट यो कुरा पुष्टि हुन्छ कि निश्चित जातीय समुदाय बन्नको लागि साझा भाषा, साझा भूगोल, साझा आर्थिक व्यवस्था र साझा मनोविज्ञान जस्ता अनिवार्य तत्वहरू जरुरी हुन्छ । जातीय समुदाय आफैमा राज्य पनि हो । राज्यको उदय मानव समुदायको आवश्यकताले जन्माएको अवधारणा हो । राज्य व्यवस्था मावन जातिले आविष्कार गरेको मानव निर्मित संयन्त्र हो । जुन संयन्त्रको माध्यमबाट मानव क्रियाकलापलाई नियन्त्रण र नियमन गरिन्छ । यो कुरा संसारका सबै मानव समुदायहरूमा लागु हुन्छ । जातीय समुदायहरू एकाएक उत्पत्ति भएको कुरा होईन । हजारौँ वर्षको लामो अन्तर्क्रिया र सहकार्यबाट एउटा स्थिर समुदाय पैदा हुन्छ जुन निश्चित जातीय समुदायको रुपमा देखा पर्दछ । जातीय समुदाय प्राकृतिक समुदाय हो । यसर्थ मगर समुदाय प्रकृतिक स्थिर समुदाय हो । मगर समुदायको आफ्नै भाषा, आफ्नै भूगोल, आफ्नै आर्थिक जीवन र आफ्नै सांस्कृतिक मनोविज्ञान भएको हुनाले मगर समुदाय आफैमा राज्य थियो । जुन मगरातको रुपमा अभिव्यक्त भएको हो । मगरात भन्ने शब्दावलीमा इतिहास, भुगोल, र सत्ता यी तिनवटै शव्दको भावार्थहरू प्रस्फुटित भएको छ ।

मगरात कसैको दया माया र निगाहा होइन । यो त मगर समुदाय र त्यस भुमीमा बस्ने सबै जनताको आँशु, रगत, पसिना, बहादुरी, वीरताको परिचायक र निशानी हो । आस्थाको धरोहर हो । यो कुरामा राष्ट्रले नै गौरव गर्ने कुरा हो । इतिहासको चिहान खनेर विश्व सम्पदाको उत्खनन् गरिन्छ भने हाम्रो यो त आफ्नै आँखा अगाडि उभिएको साँचो र साश्वत प्रतिविम्ब मगरात भुमी प्रति किन आँखा चिम्लिएको होला ? प्रश्न गम्भिर छ । मगरात प्रति किन शौदावाजी हुँदैछ ? भएको छ त ? यसले के प्रष्ट देखाउँछ भने नेपालको राजनीतिक इतिहास विभेद नै विभेदले भरिएको इतिहास हो । अझै फेरि पनि विभेदको सिलसिला कायम राख्न दुश्प्रयास गरिँदै छ भन्ने छनक पनि हो । मगरात पहिचान कायम गर्न, प्राचिन मगरातको जगमा आधुनिक मगरात निमार्णको लागि सत्य अन्वेशण गर्दै बहस पैरवी गर्दै निरन्तर संघर्षको बाटोमा अघि बढ्नु पर्ने बाध्यता हाम्रो अगाडि छ । वर्तमान संघीय राज्य व्यवस्थामा मगरात प्रदेश

नामकरण गर्ने हाम्रो अभियान जारी छ। सत्य डग्दैन, झुठो टिक्दैन भने झैँ एकदिन सत्यको जित अवश्य हुनेछ।

मगरात गण संघ थियो। मगरात समान्ती अवशेष थिएन। मगरात एक प्रकारको जनवादी प्रकारको प्राचिन रुप थियो। समुहको नाईके राजा वा नायक वा शेरको रुपमा मानिन्थ्यो। सामन्ती अतिक्रमणका कारण मगरात विघटन भयो। विघटनका आफ्नै कारण पनि होलान्। ती खोज अनुसन्धान गर्ने पक्ष हुन्। वर्तमान अवस्थामा राप्ती, धौलागिरी, गण्डक क्षेत्र नै प्राचिन मगरात थियो। त्यस क्षेत्रमा खोला, नदि, नाला पहाड, गाँउबस्तीका नाउँहरू मगर भाषाबाट नामकरण गरिएको तथ्य स्पष्ट छ। अब हामीले मगर जातीको अस्तित्वसँग जोडिएको मगरात भुमीको रक्षाको लागी पुनर्स्थापना र विकासको लागि वर्तमान राज्य प्रणाली भित्र वा बाहिर के गर्न सक्छौँ यो नै हाम्रो आजको ज्वलन्त विषय हो। उत्पीडित जातिहरूलाई आत्मनिर्णयको अधिकार छ भन्ने कुरा विश्व राजनितीको रंगमञ्चमा भएका घटनाक्रम हामीले देखे भोगेकै छौं। आत्मनिर्णयको अधिकार यस्तो हतियार हो जस्को दुवै तर्फ धार हुन्छ। यसले जतापनि काट्न सक्छ। तर यसको प्रयोग कर्तामा भर पर्छ। यो हतियारले सामन्ती उत्पीडनलाई निस्तेज पार्दै आफ्नो रक्षा गर्ने हो।

आत्मनिर्णयको अधिकारले कुनै पनि उत्पीडन नसहने र आवश्यक परे विद्रोह गर्ने भनेको हो। जब कि उत्पीडन र विभेद नै छैन भने विद्रोह गर्ने कुनै जरुरी हुँदैन। अतः सैद्धान्तिक रुपमा आत्मनिर्णयको अधिकारलाई स्वीकार गर्दै सबै समुदायलाई अधिकार सम्पन्न बनाएर मात्रै सहि राष्ट्रिय एकता हासिल हुन सक्छ भन्ने मान्यता यसमा अन्तर्निहित छ। आत्मनिर्णयको अधिकार, स्वशासन र मगरात स्वयत्तताको विषयलाई पनि यहि अर्थमा बुझ्नु पर्दछ। वर्तमान नेपालको संविधानमा राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड शिर्षक अन्तर्गत संघीय कानुन बमोजिम सामाजिक, सांकृतीक संरक्षण वा आर्थिक विकासका लागि विशेष संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्ने सकिने छ भनि उल्लेख गरिएको कुरा पनि हाम्रो लागि सन्दर्भ सूचि हुन सक्छ। सामन्ती राज्य व्यवस्थाको अवशेषहरू अन्त्य गर्दै पूँजिवादी जनवादी व्यवस्था कायम गर्न र समाजवाद तर्फ लम्किने भन्ने कुरा जति बढि अधिकारद्वारा जनसमुदायलाई सम्मान र सुसज्जित गर्न, रुपान्तरण गर्न, उत्साह पैदा गर्न सक्छौं त्यतिनै त्यो सम्भावनाको ढोकाहरू खुल्दै जान सक्छन्। वीर, लडाकु साहासीको

परिचायक मगर जातिले अबको नयाँ राज्यसत्ता स्थापना गर्न वलिदानको कुन कोटा चुक्ता गर्नुपर्ने हो त्यसको लागि वातावरण तयार पार्न बढि भन्दा बढि अधिकार प्रदान गरेर मात्रै हुन सक्छ ।

**५) युद्ध र आन्दोलनमा मगर जातिको उपयोग तथा योगदान :**

मंगोलियन महावंश अन्तर्गत मगर जाति झट्ट हेर्दा शारिरीक रुपले आफैँमा फौजी जस्ता देखिने परिश्रमी, इमान्दार, लडाकु, बाक्लो जिउँडाल, गहुँगोरो वर्ण मगरहरूको वंशाणुगत गुण नै हो । भाला, धनुषबाण, तीर, घुँयत्रो चलाउने उनिहरूको परम्परागत हतियारहरू हुन् । लाटो नाच्दैन, नाचे बाँच्दैन भने झैँ मगरहरू बढि एकोहोरो स्वभावका देखिन्छन् । मगरहरू बढि मिलनसार पनि हुन्छन् । परेको खण्डमा साथीलाई ज्यान दिने स्वभाव मगरमा हुन्छ । यही स्वभावका कारण अरु जातिले मगरलाई युद्धमा बढि उपयोग गरेको देखिन्छ । मगरातको विगटन पछि मगरहरूलाई फौजीमा भर्ती गरेर शासकहरूले मगरको युद्धकलालाई प्रयोग गरेको पाइन्छ । नेपाल एकिकरण, प्रथम विश्व युद्ध, दोस्रो विश्वयुद्ध आदि युद्धहरूमा मगरहरूले युद्ध कौशलता प्रर्दशन गरेको प्रशस्त उदाहरणहरू पाइन्छ । ई.सं. १८१४ को नेपाल अंग्रेज युद्ध भई ई.सं. १८१६ को सुगौली सन्धिले गोर्खा भर्ती केन्द्रको जन्म भयो । जसका कारण पश्चिम नेपालको पहाडी बस्तीका हजारौँ-लाखौँ मगरहरू इष्ट इण्डिया कम्पनीमा भर्ती भए । प्रथम विश्व युद्धमा २ जना गोर्खाली लाहुरेले विश्वप्रसिद्ध युद्ध पदक (भिक्टोरिया क्रस) प्राप्त गरे जसमा दुवै जना गुल्मी भार्से मगरहरू थिए । यसैगरी दोस्रो विश्वयुद्धमा पनि थप ३ जना मगरहरूले उक्त पदकहरू प्राप्त गरे । जसमा क्रमशः गुल्मी भार्सेका सिपाही कुलविर थापा मगर र सिपाही करण ब. राना मगर थिए । त्यसैगरी बाग्लुङ थनथापका सुबेदार लाल ब. थापा मगर, बाग्लुङकै सिपाही तुल ब. पुन मगर र सुबेदार नेत्र ब. थापा मगर हुन् ।

नेपालको सन्दर्भमा हेर्दा जहानियाँ राणाशासन कालमा जंग बहादुर राणाका विरुद्ध विद्रोह गर्ने लखन थापा मगर कम्युनिष्ट चेतना फैलाउने कामी बुढा मगर देखि थुप्रै जनविद्रोहहरूमा मगर जातिको योगदान अतुलनिय रुपमा रहेको छ । विश्व हल्लाउने गरी भएको महान जनयुद्धको आधार क्षेत्र मगरात भुमी नै थियो । जनयुद्धको आधार इलाका निर्माण, जनसत्ता, जनमुक्ति सेना निर्माणमा मगर समुदायले बलिदानको उच्च कर्तिमान कायम गर्दै श्रेस्ठता प्रदर्शन गरे ।

**६) मगर जातिको सामाजीक जागरण अभियानः**

मगरात गण राज्यहरूको विगटन पछि मनोवैज्ञानिक रुपले मगरहरूमा शासित मानसिकता हाबी हुन पुगेको देखिन्छ । प्रतिरोध गर्ने भन्दा मेलमिलामाप तथा सेवकको रुपमा मुल थलो मगरांतबाट मगरहरू चारैतिर छरिएको पाईन्छ । कालान्तरमा समाजमा देखापरेका समाज जागरण उत्थानका कार्यक्रमका सन्दर्भमा भेटघाट, जमघट, भलाकुसारी हुँदै क्रमश सँगठित रुपले अघि बढ्ने क्रम वि.सं. १९९७ सालतिरबाट दार्जिलिङ्ग हुँदै नेपालमा प्रविष्ट भयो । वि.सं. २०१२ सालमा गुल्मीको भार्सेमा मगर समाज सुधार संघको भेला गिरिप्रसिाद बुढाथोकी मगरको नेतृत्वमा सम्पन्न भयो । वि.सं. २०१३ सालमा गोरखामा रण ब. आले मगरको नेतृत्वमा भेला भयो । वि.सं. २०१४ फागुन २७, २९ मा पश्चिमाञ्चल सम्मेलनले गिरी प्रसाद बुढाथोकी मगरलाई सभापती चयन गऱ्यो । वि.सं. २०२८ सालमा खिल ध्वज थापाको अध्यक्ष र कुल ब. राना मगर महासचिव रहेको लाङ्गघाली परिवार काठमाडौं गठन भयो । वि.सं. २०३२ मा कानुङ लाङ्गघाली परिवार, पाल्पामा मगर सुधार समिति, बाग्लुङ्ग, सुर्खेत, बाँके, दैलेख, कास्कीमा लाङ्गघाली परिवार गठन हुने क्रम अघि बढ्यो । वि.सं. २०३६ सालमा काठमाडौंमा डा. हर्ष ब. बुढा मगर अध्यक्ष, टोप ब. थापा उपाध्यक्ष, सचिव सुरेश आले, कोषाध्यष डा. केशरजंग बराल रहेको लाङ्गघाली परिवार केन्द्रिय तदर्थ समिति गठन भयो । वि.सं. २०३८ सालमा रुपन्देहीमा लाङ्गघाली परिवार र कानुङ लाङ्गघाली परिवार एउटैमा गाभी 'नेपाल लाङ्गघाली परिवार संघ' गठन भयो । जसमा अध्यक्ष हेम ब. पुन, उपाध्यक्ष रण ब. आले, सचिव सुरेश आले, प्राचार प्रसार सचिव जय ब. हितान मगर, कोषाध्यक्ष मनविर गर्वुजा रहनु भयो । वि.सं. २०३९ फागुनमा १४, १६ गते तनहुँ दमौलीमा नेपाल लाङ्गघाली परिवार संघको प्रथम अधिवेशन सम्पन्न भयो । जसले अध्यक्ष हेम ब. पुन, महासचिव सुरेश आलेलाई चयन गर्यो । वि.सं. २०४८ सालमा आउँदा नेपाल लाङ्गघाली परिवार संघ नै 'नेपाल मगर संघ'मा रुपान्तरण भयो । जसको अध्यक्ष गोरे खपाङ्गी मगर रहनुभएको र दशैं वहिष्कारको विषय चर्चित रहेको थियो । त्यसको निरन्तरता हुँदै वि.सं. २०७६ कार्तिक २६, २७ मा काठमाडौंमा 'विश्व मगर महासंघ'को समेत स्थापना भैसकेकको छ । उक्त महासंघको अध्यक्ष नविन रोका मगर चुनिनुभएको थियो ।

इतिहासमा सुतेका, निदाएको मगर समाजलाई यि माथि उल्लेखित सँगठनहरूले जागृत गर्ने झक्झक्याउने, व्युँझाउने काममा अहम् भुमीका खेल्यो तर ति पर्याप्त थिएनन् । अझै पनि मगर समाजलाई सुधार गर्न जागृत गर्न बाँकी नै छ । मगर

जातिमा रहेको सामुहिक भावना, समाजशास्त्रीय ज्ञान, सिप, कला, कौशल, भाषिक साँस्कृतिक सम्पदाहरूको संरक्षण प्रवर्धन र विकासको लागी अर्को एउटा समाजिक जागरणको लहर, तरङ्ग र छालहरू उद्धेलित गर्न जरुरी छ ।

७) **आदिवासी दर्शन र दृष्टिकोण** :

दर्शन भनेको विचारधारात्मक विज्ञान हो । वस्तु र दुनियाँलाई हेर्ने र बुझ्ने प्रचलित मुख्यतः दुई विश्व दृष्टिकोणहरू छन् । ती हुन् आदर्शवादी दर्शन र भौतिकवादी दर्शन । महान दार्शनिक कार्लमार्क्सको भनाई अनुसार दार्शनिकहरूले संसारको व्याख्या मात्र गरे तर मुख्य कुरा त दुनियाँ बदल्नु हो भन्नु भयो । पदार्थ र चेतनामा कुन पहिलो हो भन्दा भौतिकवादले पदार्थ पहिलो भन्छ भने आदर्शवादले चेतना पहिलो हो भन्ने मान्यता राख्दछ । वस्तुले चेतना पैदा गर्छ कि चेतनाले वस्तु ? भन्ने प्रश्नमा प्रथमतः वस्तुले चेतना पैदा गर्छ भन्ने तर्क विज्ञान सम्मत मानिन्छ । फेरि नयाँ चेतनाले नयाँ वस्तु पनि आविस्कार गर्न सक्छ भने तर्क वितर्कद्वारा द्वन्दात्मक भौतिकवाद स्थापित र विकासित हुँदै अघि बढिरहेको छ । अब प्रश्न उठ्छ कि आदिवासी दर्शन के हो त ? हामीले के चर्चा गरेका छौं भने आदिवासीहरू प्रकृति पुजक हुन । प्रकृति पुजक भन्नाले प्रकृति नै पहिलो हो भन्ने मान्यता हो । अहिले सम्म विज्ञानले प्रमाणित गरेको प्रकृति भन्दा अर्को सत्य दुनियाँमा छैन । कल्पना गर्नु अर्के कुरा होला । तर शास्वत तथ्य त्यो हो कि जो विज्ञानले प्रमाणित गरेको छ । प्रकृति अभौतिक होइन, भौतिक वस्तु हो । जुन देख्न, सुन्न र अनुभव गर्न सक्छौं । यसर्थ प्रकृतिवादी दर्शन र भौतिकवादी दर्शन एक अर्काका परिचायक हुन् । प्रकृतिवादी दर्शनले प्रकृतिलाई सबथोक मान्दछ । प्रकृतिभन्दा बाहिर अर्को कुनै संसार छैन । स्वर्ग भनेपनि नर्क भनेपनि यहि पृथ्वीलोक हो ।

आदिवासी जसले मानव बस्ती र मानव सभ्यताको विकासको शुरुवात गरे, प्रकृतिसँग क्रिया-प्रतिक्रया अन्तर्घुलन हुँदै प्रकृतिको रक्षा र प्राकृतिक सत्य र तथ्यको रहस्य उद्घाटित गर्दै आत्मिक पुजन र सन्तुलित प्रयोजन गर्ने आदिवासीहरू कोरा आदर्शवादी र आध्यात्मिकवादको पिच्छालग्गु बन्ने कुनै गुन्जायस देखिँदैन । प्रकृतिवादका हिमायती आदिवासीहरू भौतिकवादको सामिप्यमा थिए र छन् । आदिवासीहरू आदिम वैज्ञानिक नै थिए जसले खानेकुरा, फलफुल,

औषधीजन्य जडिबुटिहरू भारी मात्रामा पत्ता लगाएका थिए । हामीले प्राचीन आदिवासी युगको सम्मान गर्दै अब आधुनिक युगमा आदिवासीहरू नयाँ भुमीकाकोबारे गम्भीर हुनु पर्दछ। भुमण्डलीकृत वित्तिय पूँजीवादी युगमा आदिवासीहरू माथी भएको शोषण, दमन, उत्पीडन गर्ने सामन्ती पूँजीवादी साम्राज्यवादी दर्शनको भण्डाफोर गर्दै एतिहासीक द्वन्दात्मक भौतिकवादी दर्शनले ओतप्रोत हुदैं समाजवाद निर्माणमा उत्पीडत वर्ग, जाति, क्षेत्र, लिङ्गको सामुहिक भुमीकालाई नयाँ उचाइमा उठाउन जरुरी छ। मालेमावाद र मानवतावादी वैज्ञानिक सोच, चिन्तन र विचारद्वारा लैस हुनुपर्दछ।

**८) आदिवासी सौन्दर्य विम्ब** :

मानिसको जीवन सुन्दर छ । मानिस प्रकृतिको सुन्दर रचना हो । कुनैपनि वस्तुको गुण र रुपको सुन्दरता पक्षको वर्णन गर्ने शास्त्रनै सौन्दर्यशास्त्र हो । हरेक वस्तुले प्राकृतिक सौन्दर्यता बोकेको हुन्छ। विज्ञान र कलाले वस्तुमा अन्तरनिहित सौन्दर्यतालाई उद्घाटित गर्दछन्। वस्तु सुन्दर छ कि कुरुप भन्ने कुरामा वस्तुलाई हेर्ने र बुझ्ने दृष्टिकोण अर्थात विचारमा भर पर्दछ। एउटै वस्तुलाई हेर्ने र बुझ्ने दुई भिन्न दृष्टिकोणका कारण आज हामी विचारधारात्मक संघर्षको अन्तहिन श्रृङ्खलामा छौं। हामी आदर्शवादी भन्दा भौतिकवादी कोणबाट कुनै पनि वस्तु, घटना र तथ्यहरूको विश्लेषण र संश्लेषण गर्दछौ। भौतिकवादी दर्शनशास्त्रले श्रमजीवी वर्गको पक्षपोषण गर्दछ। दुःख कष्ट गर्नु, श्रम गर्नुनै सुन्दर जीवन हो भने श्रम नगर्नु, शोषण, उत्पीडन गर्नु कुरुप र खराब जीवन हो।

श्रमले मानिसलाई हष्टपुष्ट, बलियो, सुन्दर र निरोगी बनाउँछ । कुनैपनि जीवनको अस्तित्व त्यतिवेलासम्म रहन्छ जतिवेलासम्म उसले जीवनको लागि संघर्ष गरिरहन्छ । जीवन, श्रम र संघर्षमा सौन्दर्यताको रहस्य खोज्दै जाँदा त्यो सबैभन्दा मानवतावादी जीवन श्रृङ्खलाको आदिवासी मानव जीवनमा भेटिन्छ । आदिवासीहरू जसले पहाड ढुङ्गा, माटो, आँधीहुरी, बाढि पहिरो हिंस्रक जंगली जनावरसँग लड्दै भिड्दै जुध्दै पृथ्वीमा जंगली मानव युगको अन्त्य गरी पहिलो मानव वस्ती बसाले। पशुपालन र कृषि युगको प्रारम्भ गरे त्यसैले त ती आदिम मानवहरू आदिवासी कहलिए । आदिवासीहरूका रगत, पसिना, आँशु, वेदना, दुःख कष्ट, वलिदानीको कारण मानव वस्तीहरू गाँउ, नगर हुँदै राज्यको रुपमा विकास हुन पुगे। निश्चित भु-खण्डमा बस्ने मानवहरूको निश्चित साझा भाषा, साझा भुभाग, साझा

आर्थिक जीवन र साझा मनोविज्ञान भएको संस्कृतिको विकासको क्रम अघि बढ्यो। ती सबै कुरालाई व्यवस्थापन गर्न राष्ट्र वा राज्य संयन्त्रको प्रादुभाव भयो। आज मानव दुनियाँले यति धेरै विज्ञानको चमत्कार गरेको छ कि यो कहाँ पुग्ने हो यसको उत्तर नै पाउन मुस्किल छ। आखिरमा सत्य कुरा के हो भने आदिवासी जसले प्रकृतिमैत्रि विकासको अवधारणा आत्मसाथ गरेका थिए। जुनकुरा आजको विश्वमा पनि त्यत्तिकै जरुरी छ। प्रकृतिको सुन्दरतालाई क्षयीकरण गर्न पाइँदैन। कतिपय कृतियम सुन्दरताले क्षणिक मनोरम प्रदान त गर्ला तर यसले दिर्घकालिन रुपमा नकरात्मक परिणतीलाई निम्त्याइरहेको हुन्छ। प्राकृतिक सौन्दर्यशास्त्र आदिवासीको आधारभूत मान्यता हो। फेरि यसभन्दा अघि बढेर आदिावासीहरूले भौीतकवादी सौन्दर्यशास्त्रको मूल्य मान्यता प्रति उदात्त हुन त्यत्तिकै जरुरी छ।

सौन्दर्यशास्त्र एउटा यस्तो विज्ञान हो जसले विचारधारात्मक क्षेत्रलाई समेत अँगालेको हुन्छ। कुनै वस्तुको सुन्दरता त्यस वस्तुमा मात्र सीमित रहँदैन। त्यसको प्रभाव क्षेत्र र सम्बन्ध वस्तुको संयोग, भावनात्मक गुण, वस्तुको मुल्यको खोज गर्दछ। सही र सत्य विचारको आधारमा कला, संस्कृति र प्रकृतिको प्रतिध्वनीको साँचो रुपमा सौन्दर्यशास्त्र अभिव्यक्त हुन्छ। मानिसले आफुले प्राप्त गरेको ज्ञान, अनुभव र अनुभूतिलाई कलामा प्रतिविम्वित गर्ने हैसियत राख्दछ। सौन्दर्य भनेको के हो ? र सुन्दरता के कुरालाई मान्ने ? भन्ने सवालमा सौन्दर्यशास्त्रले व्यापक विवेचना गर्दछ। कुनैपनि वस्तु आफैमा सुन्दर हुन्छ। वस्तुको दृष्यमूलक सुन्दर भाव झल्किने तत्वनै सौन्दर्य हो। सौन्दर्यताले मानिसको मनमा सुखानुभूतिको भाव प्रकट गर्दछ। जस्तै : कुनै कुरा जति सुनेपनि सुनिरँहु लाग्ने, कुनै वस्तु जति हेरेपनि हेरिरँहु जस्तो लाग्ने नयाँ र रमणीय वस्तु नै सौन्दर्य हो। जुन वस्तु र तत्वले मानिसको अन्तस्करणमा गहिरो छाप पार्दछ यो नै सौन्दर्यशास्त्रको सार पक्ष हो। मानव जातिले श्रमका कारण सुन्दर संसार निर्माण गर्‍यो। मानिसको जीवन पनि सुन्दर बनायो। जसलाई हामी श्रम सौन्दर्यशास्त्र भन्न सकिन्छ। आदिम मानव जातिले जङ्गली जनावर जस्तै फुर्तिलो र वलियो देखाउन जनावरका छाला, दाह्रा, नङ्ग्रा, सिङको आभुषण पहिरन गरेर सौन्दर्यात्मक संवेग पैदा गर्दथे। ढुंगे युग तथा धातु युगमा विभिन्न धातुबाट बनेका आभुषणहरूको निर्माण गर्दै सौन्दर्य विज्ञानले मानिसमा कसरी उर्जा पैदा गर्ने र आकर्षण जगाउने भन्ने कुरामा नयाँ र थप अन्वेषणहरू गरेको छ।

त्यसैगरी आदिवासी सौन्दर्य विम्बभित्र धेरै विषयवस्तुहरू अध्ययन गर्न सकिन्छ । आदिवासीहरूको पहिलो सौन्दर्यविम्ब भनेको श्रम नै हो । श्रम नै यस्तो सौन्दर्य विम्ब हो जसले आजको दुनयाँलाई आधुनिकबाट पनि अत्याधुनिक युगमा वदल्न सफल भएको छ। अर्को सौन्दर्य विम्ब आदिवासी परम्परा हो । जसअन्तरगत साझा भूमि, साझा भावना र भाषा संस्कृति पर्दछन। श्रमको शक्तिले आदिवासीहरूलाई वलियो, हष्टपुष्ट र लडाकु जातिमा विकास गऱ्यो । आदिवासीहरूले मानसिक श्रमभन्दा शारिरीक श्रम बढ्ता गरेका कारण हेर्दैमा वलिष्ठ, सुन्दर शरीरको वृद्धि र विकास हुँदै गयो । पहेंला, काला, गोरा जस्तासुकै वर्णशंकर भएपनि आदिवासीहरू प्राकृतिक सौन्दर्यताले भरिपूर्ण छन् । विभिन्न कालखण्डमा युद्ध, आक्रमण, विस्थापन र अन्तरघुलनका कारण विभिन्न प्रजाति जनजातिहरूमा केही फरकपन देखिनु स्वभाविक कुरा भयो । अर्को कुरा आदिवासी परम्पराको चर्चा गर्दा नेपालको सन्दर्भमा आदिवासीहरूको परम्परागत साझा भूमि जस्तै लिम्बुवान, खम्बुवान, तम्बुवान, थारुवान, मगरात, नेवा, ताम्सालिङ आदिलाई आदिवासीको श्रम र पसिना एवं रगतको मूल्यमा सृजना भएको सौन्दर्य विम्बको रुपमा सम्मान गरिनुपर्दछ । यसो नगर्दासम्म कुनै पनि मुलुकको भाग्य र भविष्य अन्धकार तिर धकेलिरहनेछ । आदिभूमिको सम्मान, साझा भावनाको कदर, आदिवासीको भाषा-संस्कृतिको उद्धार नहुँदासम्म सुन्दर संसार फगत कल्पनामा सिमित हुनेछ। आदिवासीको सम्मान भनेको श्रमजीवी वर्गको सम्मान हो । आदिवासीको आभुषण कला, साहित्य र संस्कृतिहरू नितान्त प्रकृति र श्रमसँग जोडिएका छन् । त्यसैले आदिवासीको सौन्दर्य विम्बहरूलाई वैज्ञानिक ढंगले अनुसन्धान, जगेर्ना र उत्खनन् गर्दै सौन्दर्यशास्त्रीय चिन्तनलाई अझ परिस्कृत फराकिलो र समय सापेक्ष बनाउन हामी प्रतिवद्ध हुनैपर्दछ ।

### ९) **आदिवासी आन्दोलन र शिक्षाः**

हाल संसारमा ७० भन्दा बढि मुलुकहरूमा ४० करोड भन्दा बढि आदिवासी जनजातिहरूको संख्या विद्यमान रहको छ । जसमा भाषा संस्कृति र भौगोलिक विविधतासँगै ५ हजार भन्दा बढि आदिवासीहरूको समुह र उपसमुहहरू रहेका छन् । विगत ५०० वर्ष भन्दा पहिलेदेखि औपनिवेशिक शक्तिद्वारा विश्वका आदिवासी जनजातिहरू विनास र उत्पीडनमा परेका छन् । राज्य सरकार र बहुराष्ट्रिय कम्पनीद्वारा आदिवासीहरूको सांस्कृतिक एवं प्रकृतिक वातावरण ध्वंशीकरण र उनिहरूको भुक्षेत्र

दखलिकरण गर्ने, आदिवासी जनजातिहरूको परम्परागत ज्ञान, सिप, जैविक विविधता र प्रकृतिक स्रोत साधनमाथि कब्जा एवं व्यापारीकरण गर्ने कार्यले गर्दा आदिवासी जनजातिहरूको जीवनस्तर मात्र हैन अस्तित्व नै संकटमा पर्न गएको छ । प्राचीन सभ्यताको हिमायती आदिबासीहरू उत्पीडनमा पर्नु बडो मानब जातिको लागि लज्जास्पद कुरा हो । चिनीयाँ सभ्यता, सिन्धुघाँटी, हरप्पा, मोहन जोदारो सभ्यता, मिश्रको पिरामीड, अमेरिकी महाद्विपको माया, अज्टेक र इँका सभ्यताको विकास गर्ने देखि लिएर आज हामीले प्रयोग गर्ने औषधीहरूमा ७५% औषधीहरू आदिवासी ज्ञान भण्डारबाट लिएका हुन् । फलफुल र खानेकुराहरूमा पहिलो आविस्कारक, पशुपालनदेखि भाषा संस्कृतीको विकासका मुलस्रोत आदिवासीहरू नै थिए । यसरी मानव सभ्यता र विकासको अग्रदुत आदिवासी जनजातिहरू उत्पीडनका कारण समग्र मानव विकासमा असुन्तलन देखा परेको छ । अफ्रिकामा उपनिवेशावादी र साम्राज्यवादी हमलाको कारण कतिपय आदिवासीहरू जंगलमा गुरिल्ला युद्ध लडिरहेको दृष्टान्त पनि छन् ।

आजको दुनियाँमा आदिवासीहरूले लड्नु परेको अस्तित्व रक्षाको लडाई बडो रोचक र चाखलाग्दो पनि यसकारणले छ कि दुनियाँ विध्वंश र विनास तर्फ लम्कीरहेको छ । प्राकृतिक भन्दा कृतियमता हावी छ । यसलाई सुल्टो बाटोमा ल्याउन र साच्चिकै विभेद रहित मानव दुनियाँ बनाउन र प्रकृतिको रक्षा गर्न आदिवासी आन्दोलनको ठुलो महत्व छ । जापान आइनु आदिवासीको आन्दोलन, फिलीपिन्समा लुँजो पहाडी क्षेत्रमा आदिवासी जनताको आन्दोलन, बंगलादेशमा चिटागाङ पहाडी क्षेत्रमा आन्दोलन, भारतमा नागाल्याण्ड झारखण्डको आन्दोलन, न्युजिल्याण्डमा माओरी, फिनल्यान्डमा सामी जनताको आन्दोलन, र स्वशासन प्राप्ति, क्यानडामा इनुइट आदिवासीको नुनाभुट स्वशासन, प्लेस्टाईनीहरूको निरन्तर चलिरहेको संघर्ष आदि इत्यादी विश्वभर भएका आदिवासी आन्दोलनका उदाहरणहरूले के स्पष्ट पार्दछ भने आदिवासी जनजातिको विभेद सैह्य थिएन र छैन । नेपालको सन्दर्भमा पनि त्यो लागु हुन्छ । किराँत, लिम्बुवान, खम्बुवान, नेवार, तम्बुवान, थारुवान, ताम्सालिङ्ग, मगरात, मैथीली अवध क्षेत्रहरू सामन्ती उत्पीडनको चङ्गुलमा थिए, छन् र त्यसबाट मुक्तिको लागि आदिवासी जागरण अनिवार्य छ । हाटखुट्टा बाँधेर पौडी खेल्न सकिँदैन भने जस्तै उत्पीडित वर्ग र समुदायलाई स्वायत्तता र स्वशसनको अधिकारको

ग्यारेन्टी नगरिँदा सम्म सम्वृद्ध राष्ट्रको सपना कोरा फगत कल्पना मात्रमा सिमित हुने कुरा दिनको घाम झैं छर्लङ्ग छ।

**१०) आदिवासी जनजातिको मानव अधिकार सम्बन्धि कानुनी व्यवस्थाः**

विश्वका विभिन्न भागमा भएका आदिवासी आन्दोलनहरू र नेपालकै संदर्भमा आदिवासी जनजातिहरूको जागरण, आन्दोलन र विद्रोहको परिणम स्वरुप शासक वर्गले विभिन्न माध्यमबाट बाध्यतावस आदिवासीहरूको मुद्दालाई केहि न केहि रुपमा सम्बोधन गर्न खोजेको देखिन्छ । सन् १९९५ देखि सन् २००४ सम्मलाई संयुक्त राष्ट्रसंघले विश्वआदिवासी दशक घोषणा गऱ्यो । सन् १९९३ लाई विश्व आदिवासी वर्ष र अगष्ट ९ तारिखलाई विश्व आदिवासी दिवस मनाउने सयुक्त राष्ट्रसंघको घोषणले विश्वव्यापि आदिवासी क्षेत्रमा एउटा उर्जा थप्ने काम गऱ्यो । आदिआदिवासी दशको नारा "Indigenous People: Partnership in Action" थियो । नेपाल अधिराज्यमा परापुर्व कालदेखि रहँदै र बस्दै आएका आदिवासी जनजातिहरू राज्यको मुल प्रवाहिकरणबाट बहिष्करणमा पर्दै गएको वास्तविकता विभिन्न सर्वेक्षणले बताएको थियो । तथापी जनजाति अगुवाहरूले राष्ट्रिय अन्तर्राष्ट्रिय आदिवासीहरूको अधिकारको बारेमा राज्यलाई घच्घच्याउने र चुनौती दिने काम हुँदै गइरहेको थियो। संयुक्त राष्ट्र संघको आदिवासी सम्बन्धि कार्यपत्रहरू र कार्यक्रम अघि बढेपछि नेपालले पनि संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्रको हैसियतले ति कुराहरू लागु गरेर जानुपर्ने स्थिति भयो । अन्तर्राष्ट्रिय श्रम सँगठन महासन्धि (आई.एल.ओ. १६९) र आदिवासी अधिकार सम्बन्धि संयुक्त राष्ट्र संघिय घोषणापत्र (UNDRIP) लाई नेपालले अनुमोदन गरिसकेको छ। ति अन्तर्राष्ट्रिय कानुनहरू, महासन्धिहरू नेपालको ऐन र कानुन सरह लागु हुने प्रावधान रहेको छ।

ILO १६९ मा व्यवस्था गरिएका प्रावधानहरूमा आदिवासी जनजातिहरूको हकमा आफ्नो रितिरिवाज, परम्परा विशेष कानुन र नियमहरूलाई मान्यता प्रदान गरेको छ । आदिवासीहरूको स्वःपहिचान, संस्थागत विकासको लागी कानुनी मान्यताको विषय समावेश गरिएको छ। आदिवासीहरूको सामुहिक भुमीको सम्मान गर्दै भू स्वामित्व प्रदान गर्ने, राज्यले प्राकृतिक श्रोतसाधनको उपयोग गर्दा आदिवासी जनजातिहरूको क्षेत्रमा स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (FPIC) लिनुपर्ने व्यवस्था गरेको

छ। रोजगारी, व्यवसाय, सामाजिक सुरक्षा, स्वास्थ्य, शिक्षा, संचार सम्बन्धि भाषिक व्यवस्था सुनिश्चत गरेको छ । वि.सं. २०६४ भाद्र २७ गते संयुक्त राष्ट्रसंघको ६१औँ महासभाले मतदान मार्फत आदिवासी अधिकार सम्बन्धि घोषणापत्र पारित गर्दा नेपालले पक्ष राष्ट्रको रुपमा हस्ताक्षेर गरेको छ। उक्त घोषणा पत्र (UNDRIP) को ४६ वटा धाराहरूमा आदिवासी जनजातिहरूको आत्मनिर्णयको अधिकार देखि पृथक राजनैतिक, कानुनी, आर्थिक सामाजिक, सांस्कृतिक अधिकार उल्लेख गरिएको छ। आदिवासीहरूको मानव अधिकार, राज्यले क्षतिपुर्तिको व्यवस्था, प्रतिनिधिमुलक संस्थाको बारेमा व्यवस्था गरिएको छ । यि माथि उल्लेखित अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाका साथै नेपाल सरकारले आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ जारी गरी लागु गरेको छ। उक्त ऐनले नेपालका ५९ वटा आदिबासी जनजनतिको नाम सुचिकृत गरेको छ। सो ऐनले आदिवासी जनजातीहरूको सर्वाङ्गिण विकास गर्ने, भाषा, लिपी, साहित्य, कला, इतिहासको संरक्षण र प्रवर्दन गर्ने उद्देश्य राखेको छ। हाल आदिवासी जनजाती आयोग गठन हुनु पनि अर्को सकारत्मक पक्ष हो।

## ११) मगर राष्ट्रिय मुक्ति मोर्चाको संक्षिप्त सांगठनिक इतिहास :

### क) मोर्चाको स्थापना र प्रथम राष्ट्रिय भेला

वि.सं. २०१० सालतिर रुकुमका कामी बुढा मगरले कम्युनिष्ट चेतनाको विजारोपण गरे। २००६ सालमा स्थापना भएको कम्युनिष्ट पार्टी ३० को दशकसम्म आइपुग्दा छिन्नभिन्न र टुटफुट हुँदै विभिन्न धार र र उपधारमा विभक्त थियो। वि.सं. २०५० सालतिर रोल्पा, रुकुममा ग्रामिण वर्गसंघर्षको झिल्काहरू देखा परे। तत्कालिन सरकारले उक्त संघर्ष दबाउन रोमियो अप्रेशन चलाएको थियो। २०५२ साल फागुन १ गते महान जनयुद्धको संखघोष भयो । जहाँ मगरहरूको घना आवादी भएको रोल्पा रुकुममा र देशैभरिका उत्पीडित समुदायमाथि भिषण दमन भयो । त्यसको प्रतिरोध पनि हुँदै गयो। यस प्रकार वर्ग संघर्ष र कम्युनिष्ट चेतनाबाट पश्चिम मगरात अगाडि बढ्ने क्रममा मगर बस्तीलाई ब्युँझाउँने जातीय नीति अन्तर्गत जातीय मोर्चा निर्माण गर्ने बहस र पहल शुरु भयो। वि.सं. २०१२ सालदेखि पूर्वि मगरातमा मगर समाज सुधार गर्ने उद्देश्यले लाङ्घाली परिवार जस्ता सामाजिक सँगठनहरू देखा परे र त्यो क्रम अघि बढ्दै २०४८ सम्म आउँदा नेपाल मगर संघसम्म आइपुग्यो,

पश्चिमी मगरातबाट उदाएको वर्गीय चेतना र पूर्वी मगरातबाट उदाएको सामाजिक चेतनाको फ्युजन मगरात मोर्चाको अवधारणा हो भन्न सकिन्छ । यद्यपी त्यसको पहलकद्मीको रुपमा तत्कालिन ने.क.पा.(माओवादी)ले २०५४ साल चैत्र २८ गते मगरात राष्ट्रिय मुक्ति मोर्चा, नेपाल गठन गरेको श्रेय लिनुपर्ने स्थिति आयो । जसको संस्थापक संयोजक लोक बहादुर थापा मगर सदस्यहरूमा सन्तोष बुढा मगर, तेजमान घर्ती मगर, कुष्ण पुन मगर, कृष्ण थापा मगर, नारायण तारुङ मगर, दिपक चर्ती मगर र रमेश थापा मगर रहनुभएको थियो । मगरात शब्दले सत्ता र सँगठनको काम भन्ने अर्थमा प्रयोग भएको थियो । शान्ती प्रक्रियापछि मगरात शब्द झिकी मोर्चाको नाम 'मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपाल' राखियो ।

वि.सं. २०५६ सालपछि पूर्वि मगरात (कालिगण्डकी क्षेत्र) र पश्चिम मगरात(राप्ती धौलागिरी क्षेत्र) भनी २ क्षेत्रमा विभाजन गरि क्षेत्रीय समन्वय समिति बनाएर सँगठनको काम अघि बढाइएको थियो । जसमा पूर्विक्षेत्रमा संयोजक वसन्त घर्ती मगर र पश्चिमी क्षेत्रमा संयोजक सन्तोष बुढा मगर रहनुभएको थियो । वि.सं. २०५७ सालतिर सुरेश आले मगर जेलमुक्तभै केहि समय मोर्चाको संयोजक रहनुभयो तर वहाँले फेरि प्रवासको जिम्मेवारी लिएपछि मोर्चाको काम अघि बढ्न सकेन । मोर्चालाई देशैभरि मगर समुदायमा पुऱ्याउन राष्ट्रिय भेलाको महसुस गरी युद्धको कठीन घडिमा पनि मिति वि.सं. २०५९ साल श्रावण २९-३१ सम्म रुकुम काँक्रीमा प्रथम राष्ट्रिय भेलाको आयोजना गरियो । २३ जिल्लाका प्रतिनिधि/पर्यवेक्षक सहभागी भएको भेलाले क. सन्तोष बुढा मगरको अध्यक्षतामा २९ सदस्यीय केन्द्रिय समिति निर्माण गऱ्यो ।

**ख) प्रथम राष्ट्रिय सम्मेलन (पाल्पा, तानसेन) :**

जनयुद्धको रापताप र वि.सं. २०६२/६३ को शसक्त जनआन्दोलन पश्चात देश शान्ति प्रक्रियामा प्रवेश गऱ्यो । प्रथम राष्ट्रिय भेला पश्चात मोर्चाको सँगठन विस्तार हुँदै गैरहेको थियो । राष्ट्रिय भेला पश्चात मोर्चाको सँगठन देशैभरि विस्तार हुँदै गैरहेको थियो । राष्ट्रिय भेला भएको करिब ४ वर्षपछि वि.सं. २०६३ श्रावण ११-१३ पाल्पा तानसेनमा मोर्चाको प्रथम राष्ट्रिय सम्मेलन भव्यतापूर्वक सम्पन्न भयो । उक्त सम्मेलनको मुल नारा "संविधानसभाद्वारा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्न वृहत गणतान्त्रिक मोर्चाको निर्माण गरौं ! जातीय आत्मनिर्णयको अधिकार र

स्वायत्त गणतन्त्रको सुनिश्चित गर्न मोर्चालाई सुदृढ र विस्तार गरौं !" भन्ने थियो । सम्मेलनले नयाँ विधान, प्रीतवेदन पारित गर्दै सन्तोष बुढा मगरको अध्यक्षतामा ४१ सदस्यीय केन्द्रिय समिति चयन गर्‍यो । जसको घोषणा सभा बुटवलमा सम्पन्न भयो ।

**ग) एकता राष्ट्रिय भेला (उदयपुर, गाईघाट) :**

मिति वि.सं. २०६६ जेठमा उदयपुर गाईघाटमा तत्कालिन ने.क.पा. (एकता केन्द्र) निकट मगर मुक्ति सँगठन (संयोजक नारायण बुर्जा मगर) र मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपाल (अध्यक्ष सन्तोष बुढा मगर) बीच एकता भेला सम्पन्न भयो ।

**घ) दोस्रो राष्ट्रिय सम्मेलन (वालिङ, स्याङ्जा) :**

मिति वि.सं. २०६६ फागुन १५-१७ मा स्याङजाको वालिङमा मोर्चाको दोश्रो राष्ट्रिय सम्मेलन सम्पन्न भयो । जसको मुल नारा "आत्मनिर्णयको अधिकार र मगरात स्वायत्त प्रदेशको स्थापनाको लागि संघर्ष गरौं" भन्ने रहेको थियो । सम्मेलनबाट सन्तोष बुढा मगरको अध्यक्षतामा केन्द्रिय समिति चयन भयो । जसको घोषणा सभा तनहुँको दमौलीमा सम्पन्न भयो ।

**ङ) तेस्रो राष्ट्रिय सम्मेलन (खन्ना गार्मेन्ट, ललितपुर) :**

मिति वि.सं. २०७० भदौ २७-२९ मा "पहिचान सहितको संघीयता विरोधी तथा जडसुत्रीय संशोधनवाद विरुद्ध हाम्रो आन्दोलन ! आत्मनिर्णयको अधिकार सहित मगरात स्वायत्त प्रदेशको पक्षमा तेश्रो राष्ट्रि सम्मेलन" भन्ने मुल नाराका साथ सम्पन्न भई ओनसरी घर्ती मगरको अध्यक्षतामा केन्द्रीय समिति गठन भएको थियो ।

**च) चौथो राष्ट्रिय सम्मेलन (किर्तिपुर, काठमाडौं) :**

मिति वि.सं. २०७२ चैत्र १६ र १७ गते किर्तिपुर काठमाडौंमा "पूर्ण समानुपातिक, समावेशी प्रतिनिधित्व सहितको एकिकृत मगरात, सम्पूर्ण उत्पीडित मगरहरूको पूर्ण अधिकारका लागि वैज्ञानिक समाजवाद ।" भन्ने मुल नाराका साथ सम्पन्न भएको थियो । उक्त चौथो राष्ट्रिय सम्मेलनले सुदर्शन बराल मगरको अध्यक्षतामा केन्द्रीय समिति चयन गरेको थियो ।

छ) **एकताको राष्ट्रिय सम्मेलनहरू** :

मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपालबाट विभिन्न समुहमा विभाजन भएका अखिल मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपाल (लोक बहादुर थापा -संयोजक), मगर राष्ट्रिय मुक्ति मोर्चा क्रान्तीकारी (एस.वि थापा मगर - संयोजक) र मगर मुक्ति मोर्चा, नेपाल ( लिला सोमै मगर - संयोजक) रहेको मोर्चाहरू मिति वि.सं. २०७३ असार २५ गते एकिकरण सम्पन्न भयो । जसको संयोजक सुदर्शन बराल मगर रहनुभयो ।

नयाँ राजनीतिक परिस्थितिमा मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपाल (संयोजक- गणेश सलामी मगर) र लोकतान्त्रिक मगर संघ (संयोजक भोजविक्रम बुढा मगर) बीच मिति २०७६ असोज १ गते पेरिसडाँडा, काठमाडौंमा एकता राष्ट्रिय भेला सम्पन्न भई लोकतान्त्रिक राष्ट्रिय मगर मोर्चा नेपालको गठन भयो । जसको संयोजक भोजविक्रम बुढा मगर र सहसंयोजक गणेश सलामी मगर हुनुभयो । केहि समय पछि उक्त सँगठन साविककै अवस्थामा फर्किने अवस्था उत्पन्न भयो ।

१२. **वर्तमान राष्ट्रिय परिस्थिति** :

हाम्रो देश बहुजाति, बहुभाषा, बहुधर्म र बहुसंस्कृतिको धनी देश हो । प्राकृतिक रुपले सुन्दर हिमाल, पहाड, तराईले बनेको बहुविविधताले भरिएको छ । राज्यको चरित्र अर्धसामन्ती, दलाल पुँजीवादी, गोलचक्करमा रुमलिएको हुँदा आज हाम्रो देशले काँचुली फेर्ननै सकेको छैन । फूलबारीमा फूलेका सयौं थुङ्गाहरू मुर्झाएको छ । देशको धरातलीय यथार्थता बहुविविधता हुँदा हुँदै एकल र केन्द्रिकृत राज्यसत्ताले शताब्दीयौं देखि देशलाई बन्दी जस्तै बनाएको छ । जनताले विद्रोह गरे । फलामे ढोका ढकढकाए । जनताको त्याग तपस्या र बलिदानबाट थोरै आकाश खुलेको छ । अथार्त सीमित उपलब्धि भए पनि जनताले देख्न पाएका छन् । संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता प्राप्त भएको छ । "मुख-मुखमा क्रान्ति आउँदा घाँटी-घाँटीमा प्रतिक्रान्ति आउँछ", भनेझैं उपलब्धि गुम्ने त्यतिकै खतरा छ । प्रतिक्रियावादी, यथास्थिति शक्तिहरूले गाडीको चक्का पछाडि धकेल्ने दुष्प्रयास गर्छन भने क्रान्तिकारीहरूले त्यसलाई प्रतिरोध गर्दै निरन्तर अघि बढ्ने साहस र आँट गर्छन् । सामन्ती व्राम्हणवादी राज्यसत्ताले यहाँका किसान र श्रमजीवि वर्गलाई त शोषण गरेकैछन्, अझ त्यसमा

उत्पीडित जाति, उपेक्षित क्षेत्र, लैङ्गीक विभेदलाई जन्म दिएको छ । लोकतान्त्रिक गणतन्त्र भनिएपनि राज्यको आधारभूत चरित्र फेरिएको छैन । राज्य संयन्त्रहरू थोत्रा र पुराना छन् । पाटपुर्जामा खिया लागेकाछन् ।

हामीले खोजेको जनताको गणतन्त्र, जसले जनताको आधारभूत जीवनमा परिवर्तन होस् । समाजको आमूल परिवर्तनको लागि जनताले जहिले पनि साथ, समर्थन दिएको इतिहास साक्षी छ । संघीयताको पूर्ण कार्यान्वयन पूर्ण समानुपातिक प्रणाली, समावेशीतालाई व्यवहारमा लागू गर्न कयौं चुनौतीहरू छन् । देशको प्रमुख राजनैतिक शक्तिहरूले जनतालाई स्पष्ट दिशा निर्देश गर्ने, जनताको नेतृत्व गर्ने र पुरातनवादी शक्तिलाई परास्त गर्न अग्रगामी वृहत मोर्चा बनाउने समय आएको छ । संविधानले दिएको सीमित अधिकारको उपयोग गर्दै उत्पीडित वर्ग, जाति, क्षेत्र र लिङ्गका समसामयिक मुद्दाहरू अघि बढाउन जरुरी छ । आदिवासी जनजातिलाई आत्मनिर्णयको अधिकार, स्वशासन र स्वायत्तता प्रदान गर्दै राष्ट्रिय पुँजीको विकास गर्ने र समाजवाद स्थापना गर्ने कुरा हाम्रो वर्तमान कार्यसूचि हुनुपर्छ ।

१३. **अन्तर्राष्ट्रिय परिस्थिति** :

आजको २१औं शताब्दीमा साम्राज्यवादी शक्ति राष्ट्रहरूले विश्वका जनताहरूलाई कम्जोर राष्ट्रहरूलाई आफ्नो स्वार्थपूर्तिका लागि उपयोग गर्दै आएका छन् । पुँजीपति वर्गले शोषणका रुपहरू नयाँ ढंगले फेर्दै लगेका छन् । सूचना प्रविधिमा आएको अभूतपूर्व क्रान्तिले नयाँ चुनौति खडा गरको छ । फेरिपनि पुँजीपति वर्गले दुनियाँमा एकछत्र रजाईं गर्ने, विश्व बजार कब्जा गर्ने र एकाधिकार पुँजीवाद स्थापना गर्ने दुष्प्रयास गरिरहेको छ । भुमण्डलीकृत वित्तीय पुँजीवादले संसारलाई एउटा ईकाइको रुपमा परिणत गरेको छ । अमेरिकाको एकछत्र विश्व बजारलाई पछिल्लो चरणमा चीनले टक्कर दिइरहेकोछ । मध्यपूर्व, अफ्रिका र एशियाली मुलुकहरूमा चीनीयाँ बजारको प्रभावले अमेरिका संकटमा पर्दै गएको छ । यो शक्ति सन्तुलनमा फेरवदल आउने पूर्वसंकेत हो भन्न सकिन्छ । पछिल्लो रुस र युक्रेन युद्ध तथा इजरायल र प्लेस्टाईनी विवादको मूल जरो साम्राज्यवादी स्वार्थको काबुभित्र लुकेको देखिन्छ । अतः साम्राज्यवाद आफैमा मरणासन्न पुँजीवाद हो । यो अवस्था एकदिन पतन भएर जानेछ ।

साम्राज्यवादको चपेटामा परेका राष्ट्रीय मुक्ति आन्दोलनहरूको पटाक्षेपले के कुरा सिकाएको छ भने विशुद्ध जातिवादी आन्दोलन एक वा अर्को रुपले असफलताको बाटोमा पुग्दछ। यसको ज्वलन्त उदाहरण श्रीलंकाको तमिल विद्रोहलाई लिन सकिन्छ। यसबाट के शिक्षा लिनु पर्दछभने अबको आन्दोलनमा राष्ट्रिय मुक्ति आन्दोलन र सर्वहारा वर्गीय आन्दोलनको संयोजन गर्न जरुरी छ । संसारभरका मुक्तिकामी जनताहरूले विशाल मोर्चा खडा गरेर मात्रै साम्राज्यवादलाई परास्त गर्न सकिन्छ। वित्तीय एकाधिकार पुँजीवादले नाफा कमाउने नाममा अनुत्पादक क्षेत्रमा पुँजी लगानी गर्ने, अभाव सिर्जना गर्ने, महँगी, भोकमरी र बेरोजगारको विकराल अवस्था सिर्जना गरी विश्वलाई झनभन्दा झन संकटतिर धकेलिरहेको छ । मानवीय आधारभूत आबश्यक्ताका वस्तु र सेवा उत्पादन गर्नुको साटो हतियार उत्पादन गरेर नरसंहार मच्चाउने, नाफा कमाउने सस्तो श्रमबजार खोज्दै आदिवासी र स्थानीयवासी जनताको प्राकृतिक स्रोतसाधनको शोषण, दोहन गर्दै आजको युगमा साम्राज्यवादी शक्तिहरूको दादागिरी प्रदर्शन गर्ने, छिटो नाफा कमाउने नाममा विश्व पर्यावरणमा ह्रास ल्याई मानवजातिलाई संकटमा पार्ने कार्य गरिरहेकोहुँदा विश्वका न्याप्रेमी श्रमजीवी जनताले त्यसको डटेर प्रीतरोध गर्नुको विकल्प छैन। साम्राज्यवादले भनेजस्तो विचारको मृत्यु हैन विचारको जन्म र विकास हुँदैछ। २१औं शताब्दीमा मालेमावादको जगमा नयाँ विचारको संश्लेषण गरेर अर्को विश्वक्रान्तिको लहर र आँधीवेहरीबाट नयाँ विश्व व्यवस्थाको जन्म हुनेछ। समाजवाद हुँदै साम्यवादमा पुग्ने सर्वहारावर्ग र उत्पिडित समुदायको अभिष्ट अवश्य पुरा हुनेछ।

१४. **विगतको कामको समीक्षा** (**उपलब्धी र सुधार गर्नुपर्ने पक्षहरू**) :

**क**) **उपलब्धिहरू** :

- आदिवासी जनजाति मगरहरूमा राजनैतिक चेतना अभिवृद्धि हुँदै गएको छ।
- मोर्चाले नेतृत्व विकासको लागि आधार तयार पारेको छ।
- जातीय उत्पीडनको विषयमा सैद्धान्तिक, वैचारिक वहसहरू भएकाछन् जसले यथार्थतालाई बुझ्न सहयोग गरेको छ।
- मोर्चाले आत्मनिर्णयको अधिकार, मगरात स्वायत्तताको बारेमा वहस र पैरवी गरेको छ।
- संयुक्त मगर मञ्चको स्थापनाले एकता र सहकार्यको थालनी भएको छ।
- वर्गीय मुक्ति र जातीय मुक्तिको एकाकारको औचित्य स्पष्ट गरेको छ।

- उच्च जातीय अहंकार र अन्धजातिवादको भण्डाफोर गर्दै आन्तरिक राष्ट्रियता सुदृढ गर्न प्रयत्न भएको छ।
- नेपाल मगर संघलाई साझा र सामाजिक संस्थाको रुपमा विकास गर्दै मगर जातिको राजनीतिक अधिकारको लागि एकजुट बनाउने अभियानमा नेतृत्वदायी भूमिकामा पुऱ्याएको छ।
- मालेमावादको वैचारिक आलोकमा उत्पीडित जातिहरूलाई सँगठित गर्दै अधिकारको लागि संघर्ष गर्न उत्प्रेरित गरेको छ।
- सबैखाले प्रतिक्रियावाद, सामन्ती र दलाल नोकरशाही पुँजीवादी सोंचबाट मुक्त हुँदै सर्वहारावादी विचार र दर्शनलाई स्थापित गरेको छ।

**ख) सुधार गर्नुपर्ने पक्षहरू :**

- जातीय मोर्चालाई बुझ्ने सवालमा समग्र पार्टी पंक्ति र राजनैतिक वृत्तमा स्कुलिङ हुन जरुरी छ।
- मोर्चाले आफैलाई अध्ययन र वहसमा अब्बल स्तरमा उठाउनुपर्ने छ।
- राजनैतिक मोर्चा र सामाजिक मोर्चाका कामहरूलाई विशिष्टिकृत गर्न जरुरी छ।
- आदिवासी दर्शन तथा मगर दर्शन र त्यसको औचित्यबारे आम वहस पैरवी गर्नुपर्नेछ।
- मगर भाषा-संस्कृति विकासको लागि प्रतिष्ठान गठन गर्न पहल गर्नुपर्ने।
- प्रादेशिक मगर सांस्कृतिक सँग्राहलय स्थापना गर्न ठोस पहल गर्ने।
- मोर्चाको सांगठनिक कामलाई देशभित्र र बाहिर व्यापक र अझ सुदृढ गर्नुपर्ने।
- आदिवासी/जनजाति एकताको लागि संयुक्त वृहत मोर्चा गठन गर्न पहल गर्ने।
- मगर समुदायलाई आत्मनिर्भर बनाउने, उत्पादन कार्ययोजना बनाई लागू गर्ने।
- मोर्चाको विभागीय कार्यलाई ठोस, मूर्तिकृत र कामकाजी बनाउनु पर्ने।

**१५. मोर्चाको आगामी कार्यदिशा र कार्यभार :**

- वर्गीय आन्दोलन र जातीय मुक्ति आन्दोलन समायोजन गर्दै स्वशासन र स्वायत्तताको अधिकार प्राप्त गर्नु मोर्चाको प्राथमिक कार्यभार हो । त्यसका साथै मोर्चालाई समाजवादी आन्दोलनसँग जोड्ने रणनीति

विकास गर्नु पर्दछ।

- मगर समुदायलाई क्रान्तिकारी विचार प्रवाह गर्दै अन्धजातिवादको खतराबाट मुक्त गर्नुपर्दछ।
- जातीय, क्षेत्रीय, लैङ्गिक, भाषिक तथा सांस्कृतिक आन्दोलनलाई राष्ट्रिय मुक्ति आन्दोलनसँग जोड्नु पर्दछ।
- एकिकृत मगरात स्थापना गर्ने, मगरात प्रदेशको मागलाई जोडदार रुपले उठाउनुपर्छ।
- भाषा, संस्कृति, इतिहासको खोज अनुसन्धान गर्ने विभाग गठन गरी यथार्थ विषयहरू जनसमक्ष ल्याउन प्रयत्न गर्नु पर्दछ।
- आत्मनिर्णयको अधिकार, मगरात स्वायत्तता हाम्रो मूख्य राजनैतिक एजेण्डा हो।
- राज्यको सम्पूर्ण निकायमा समानुपातिक, समावेशी प्रतिनिधित्वका लागि संघर्ष गर्ने।
- जनयुद्ध र जनआन्दोलनबाट प्राप्त उपलब्धिको रक्षा गर्दै जनवादी क्रान्तिको बाँकी कार्यभार पुरा गर्ने र समाजवादको आधार निर्माण गर्ने।
- प्रतिगमन र यथास्थितिवादका विरुद्ध संयुक्त मोर्चा निर्माणमा जोड दिने।

**१६. मोर्चाको सैद्धान्तिक तथा राजनैतिक प्रतिवद्धता :**

- हाम्रो मोर्चाले मालेमावादलाई मार्ग दर्शक सिद्धान्तको रुपम स्वीकार गर्दै सर्वहारा वर्गीय आन्दोलन र राष्ट्रिय मुक्ति आन्दोलनलाई समायोजन गर्दै मगर जातिलाई सबै खाले उत्पीडनबाट मुक्त गर्न संघर्षरत रहने।
- सबैखाले प्रतिकृयावाद, दक्षिणपन्थी संशोधनवादको विरोध गर्दै अति जातिवादी अहंकारवाद र स्थानीयतावादी अन्धजातिवादका विरुद्ध संघर्ष गर्दै क्रान्तिकारी धारको पक्षपोषण गर्ने।
- आत्मनिर्णयको अधिकार सहित मगरात स्वायत्तता स्थापना गर्ने।
- मगर भाषालाई प्रदेश र स्थानीय तहमा सरकारी कामकाजको भाषाको मान्यता प्रदान गर्न पहल गर्ने।
- मगर भाषा संस्कृतिलाई विद्यालय तथा विश्वविद्यालयमा पठनपाठनको लागि पहल गर्ने।
- आदिवासी विश्वविद्यालय स्थापना गर्ने।

- सरकारी निकाय, प्रज्ञा प्रतिष्ठानबाट मगर भाषा साहित्य प्रकाशनको पहल गर्ने ।
- राज्यलाई समानुपातिक/समाबेशी चरित्रमा बदल्ने ।
- संघीयता, गणतन्त्र, धर्मनिरपेक्षताको रक्षा गर्दै वैज्ञानिक समाजवादको लागि निरन्तर संघर्ष गर्ने ।

**१७. मोर्चाको आगामी कार्ययोजना :**

- मोर्चाको सबै तहका सँगठनलाई चुस्तदुरुस्त र गतिशील बनाउने ।
- प्रदेश, जिल्ला र पालिका स्तरसम्म मजवुत सँगठन निर्माण गर्ने ।
- वैचारिक राजनैतिक प्रशिक्षण चलाउने ।
- आत्मनिर्भरताका लागि आर्थिक क्रियाकलाप संचालन गर्न प्रयत्न गर्ने ।
- कृषिलाई व्यवसायीकरण गर्दै स्वरोजगारको वातावरण निर्माण गर्ने ।
- अन्य राजनैतिक जातीय मोर्चासँग सहकार्य बढाउने ।
- सामाजिक सँगठन मगर संघमा हाम्रो विचार र नेतृत्व स्थापित गर्न पहल गर्ने ।
- मगर जातिको इतिहास, भाषा, लिपी, संस्कृतिको खोज अनुसन्धान गर्न विभाग गठन गर्ने ।
- विदेश विभागमार्फत विदेशमा सँगठन विस्तार गर्ने ।
- श्रम शिविर संचालन गर्ने । सामुहिकताको संस्कार स्थापित गर्दै सहकारीतामा जोड दिने ।
- आदिवासी ज्ञान, सीप, कलाको प्रवद्धन र विकास गर्ने ।
- कला, साहित्य, डकुमेन्ट्री, मुखपत्र प्रकाशन गर्ने ।
- लोक परम्परा, गीत-सँगीत प्रचारप्रसार र संरक्षण गर्ने ।
- दलाल पुँजीवादी संस्कृतिको भण्डाफोर गर्दै जनवादी संस्कृतिको निर्माण गर्ने ।
- आत्मनिर्णयका अधिकार, स्वशासन र स्वायत्तता बारे प्रदेश स्तरमा विचार गोष्ठी र पालिका स्तरमा अन्तरक्रिया सञ्चालन गर्ने ।
- "आत्मनिर्भर मगरात" बारे पहल र छलफल गरी निष्कर्षमा पुग्ने ।
- "मगरात सभ्यता र मगर संस्कृति"लाई संरक्षण र विकासमा जोड दिने ।
- "समाजवाद निर्माणमा मगर समुदायको भूमिका" विषयक अन्तरक्रिया स्थानीय स्तरसम्म व्यापक रुपले चलाउने ।
- आदिवासी/जनजातिको साभा मोर्चा निर्माणमा पहल गर्ने ।

- UNDP / ILO 169 बारे छलफल र वहस गर्ने ।
- अधिकांश चुरेको मगर बस्तीलाई जोड्ने हालको "मदनभण्डारी राजमार्ग"लाई "मगरात राजपथ" नामाकरण गर्न पहल गर्ने ।

**१८) मोर्चाको सांगठनिक स्वरुप र हालै भएका गतिविधिहरू :**

मोर्चालाई सँगठित एवं संस्थागत ढंगले अघि बढाउन प्रचलित सँगठनात्मक सिद्धान्तको आधारमा अघि बढ्नु पर्दछ । सँगठन यस्तो भौतिक शक्ति हो जसले विचार र सिद्धान्तलाई व्यवहारमा लागू गर्ने महत्वपूर्ण औजारको काम गर्दछ । कच्चा पदार्थलाई भट्टीमा खारेर असली माल वस्तु तयार पारेझैं सांगठनिक संयन्त्रले नेतृत्वको विकास, वैचारिक नेतृत्वलाई स्थापित र संस्थागत गर्दछ । सँगठन यस्तो हुनपर्दछ जुन लक्ष्य, उद्देश्य प्रति दृढ भएको चुस्त, दुरुस्त, निरन्तर क्रियाशिल र गतिवान होस् । मगर समुदायलाई मोर्चा सँगठनमा गोलवन्द गर्दै क्रान्तिकारी विचारले लैस गर्ने, राजनीतिक चेतना अभिवृद्धि गर्ने, सामाजिक रुपान्तरण र आर्थिक सम्वृद्धिमा अग्रसर गराउने काम गर्नुपर्दछ । मोर्चाको केन्द्र, प्रदेश र स्थानीय तह गरी तीन तह रहनेछन् । जिल्लाको भूमिका समन्वयकारी हुनेछ । केन्द्रले देशैभरिको, प्रदेशले प्रदेशस्तरमा र स्थानीय तहले स्थानीय स्तरको नेतृत्व गर्नेछन् । केन्द्रिय स्तरको कायक्रमलाई तल्ला कमिटिले लागू गर्नुपर्नेछ । प्रदेश र स्थानीय स्तरमा आफ्नो विशेषताको कार्यक्रम बनाई कार्यान्वयन गर्न सकिनेछ । मोर्चाको सांगठनिक स्वरुपलाई बैज्ञानिक नीति र विधिद्वारा सञ्चालन गर्नुपर्दछ । यसमा जनवादी केन्द्रियताको नीति लागू हुनेछ । सँगठनलाई संघीय मोडेलको रुप दिनका लागि त्यसैअनुरुप अभ्यास गर्ने कुरा छलफल र वहस गरिनेछ । आदिवासी / जनजाति संयुक्त मोर्चामा सबै जातीय मोर्चा सँगठनहरूको जातीय जनसंख्याको आधारमा प्रतिनिधित्व गर्ने व्यवस्था हुनुपर्दछ । हाम्रो मोर्चा सँगठनमा केन्द्र, प्रदेश र स्थानीय तहमा प्रतिनिधित्व गर्दा सम्बन्धित ठाँउको जनसंख्यालाई प्रमुख आधारको रुपमा लिइनुपर्दछ । कतिपय नीति निर्णयमा स्वायत्तताको अधिकार पनि प्रदान गर्नुपर्दछ । स्वशासन र स्वायत्त क्षेत्र, इलाका, गाँउ, वडा निर्माण गर्दा तदनुरुपका स्वायत्त सँगठनहरू पनि गठन हुन सक्नेछन् ।

सँगठनमा रहने कार्यकारी / पदीय भूमिकामा रहने मूख्य नेतृत्वहरू, मातहतका सदस्यहरूले मोर्चाको गतिविधिलाई निरन्तर अघि बढाइरहने छन् । मोर्चाले लिएको

विचार-सिद्धान्त, नीति-नियमलाई व्यवहारमा लागू गरी उत्पीडित वर्ग, समुदायप्रति एकाकार हुँदै मगर समुदायको हक, हित र अधिकारको लागि निरन्तर संघर्ष गर्नु मोर्चाको उच्चतम् नैतिक आदर्श हुनेछ।

मोर्चाको नीति, सिद्धान्त र विचारलाई व्यवहारमा कार्यरुप दिनको लागि सांगठनिक संरचना अपरिहार्य विषय हो। निश्चित नीति र विधिको आधारमा सँगठन चल्नुपर्दछ । सांगठनिक गतिविधि मोर्चाको जीवन हो । मोर्चाको गतिशिलताले जनसमुदायमा शक्ति र उर्जाको सञ्चार गर्दछ । उत्पीडित आदिवासी मगर जनसमुदायलाई राजनैतिक सामाजिक जागरण पैदा गर्न हाम्रो मोर्चाले जनस्तरमा व्यापक, देशव्यापी सँगठनलाई विस्तार गरेको छ। संघीय अवधारणा अनुसार केन्द्र, प्रदेश, जिल्लादेखि स्थानीय तहसम्मको हालै भए गरेका गतीविधिहरूलाई सारसंक्षेप यहाँ प्रस्तुत गर्ने जमर्को गरिएको छ।

**क) प्रदेश सम्मेलनहरू :**

**प्रदेश नं. १:** मिति २०७८।०९।०१ मा सुनसरीको इटहरीमा सम्पन्न भएको प्रथम प्रदेश सम्मेलनले इश्वर राना मगरको अध्यक्षतामा प्रदेश समिति चयन गर्‍यो।

**प्रदेश नं. २:** मिति २०७८।०८।२१ मा महोत्तरीको बर्दिबासमामा सम्पन्न भएको प्रथम प्रदेश सम्मेलनले याम बहादुर खपाङ्गी मगरको अध्यक्षतामा प्रदेश समिति चयन गर्‍यो।

**प्रदेश नं. ३ :** मिति २०७८।०९।०८ मा काठमाडौंको पेरिसडाँडामा सम्पन्न भएको प्रथम प्रदेश सम्मेलनले चन्द्र बहादुर राना मगरको अध्यक्षतामा प्रदेश समिति चयन गर्‍यो।

**प्रदेश नं. ४:** मिति २०७८।०८।२० मा कास्कीको पोखरामा सम्पन्न भएको प्रथम प्रदेश सम्मेलनले मेख बहादुर थापा मगरको अध्यक्षतामा प्रदेश समिति चयन गर्‍यो।

**प्रदेश नं. ५:** मिति २०७८।०९।०३ मा रुपन्देहीको बुटवलमा सम्पन्न भएको दोश्रो प्रदेश सम्मेलनले धन बहादुर पुन मगरको अध्यक्षतामा प्रदेश समिति चयन गर्‍यो।

**प्रदेश नं. ६:** मिति २०७८।०८।२७ मा सुर्खेतको विरेन्द्रनगरमा सम्पन्न भएको प्रथम प्रदेश सम्मेलनले हरि बहादुर थापा मगरको अध्यक्षतामा प्रदेश समिति चयन गर्‍यो।

**प्रदेश नं. ७:** मिति २०७८।०९।०६ मा कैलालीको धनगढीमा सम्पन्न भएको दोश्रो प्रदेश सम्मेलनले डम्बर घर्ती मगरको अध्यक्षतामा प्रदेश समिति चयन गऱ्यो ।

**ख) जिल्ला र गाँउ नगर सम्मेलनहरू :**

मोर्चाले सँगठनलाई विस्तार गर्ने सन्दर्भमा ५६ वटा जिल्ला समन्वय समितिहरू र सयौं गाँउ नगर र वडा समितिहरू गठन गरिएका छन् ।

**२१. हाम्रा मुख्य नाराहरु :-**

१. वीर सहिदहरु – लाल सलाम !
२. नेपाली क्रान्ति – जिन्दाबाद !
३. राष्ट्रिय मुक्ति आन्दोलन – जिन्दाबाद !
४. आत्मानिर्णयको अधिकार र स्वायतता – प्रदान गर् !
५. मगरात स्वायत प्रदेश – घोषणा गर् !
६. पूर्ण समानुपातिक प्रणाली तथा समावेशीताको नीति – लागु गर् !
७. UNDRIP तथा ILO–169 का प्रावधानहरू – कार्यान्वयन गर् !
८. साम्राज्यबाद, नबउपनिशबाद तथा दलाल नोकरशााही पुँजीवाद – मुर्दाबाद !
९. उच्च जातीय अहंकारवाद तथा स्थानीय अन्धजातीवाद – मुर्दावाद !
१०. आत्मनिर्भर राष्ट्रिय अर्थन्तन्त्रको – विकास गरौं !
११. स्वदेश मै रोजगारीको अवसर – सिर्जना गरौं !
१२. भ्रष्टाचार मुक्त समाज र मानावोचित उन्नत संस्कारको – विकास गरौं !
१३. देशको मौलिक संस्कृती र मातृ भाषाको – संरक्षण गरौं !
१४. मानव जाति, विश्व पर्यावरण र जैविक विविधताको – रक्षा गरौं !
१५. आदिवासी जनजातिको मानव अधिकार – सुनिश्चित् गर् !
१६. रंगभेद तथा जानिभेद नीतिको – अन्त्य गरौं !
१७. आदिवासी जनजातिको संयुक्त मोर्चा – निर्माण गरौं !
१८. मालेमावाद र मानवतावाद – जिन्दाबाद !
१९. सम्पूर्ण आदिवासी मगरहरु – एक होऔं !
२०. पाचौं राष्ट्रिय सम्मेलन – जिन्दाबाद !
२१. मगर राष्ट्रिय मुक्ति मोर्चा नेपाल – जिन्दाबाद !

# मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपालको

## विधान– २०५९ (संशोधन – २०७८)

# मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपालको

**विधान–२०५९**

**(संशोधन – २०७८)**

***पाँचौ राष्ट्रिय सम्मेलन (२०७८ पौष ९ र १०), काठमाडौं ।***

**प्रस्तावनाः–**

२१औं शताब्दीमा जनवादको अभ्यास गर्न अत्यावश्यक रहेको आत्मनिर्णयको अधिकारलाई स्वीकार्दै मालेमाबाद र मानवतावादलाई वैचारिक मार्गदर्शक सिद्धान्तको रुपमा स्वीकार्दै,

नेपाल बहुजाति, बहुभाषी, बहुधार्मिक र बहुसाँस्कृतिक देश भएता पनि यहाँ खस आर्य जाति, खस नेपाली भाषी र हिन्दु सामन्ती धार्मिक साँस्कृतिक आधारमा विद्यमान शासन व्यवस्था कायम भएकोले मगराँत पहिचान सहितको संघीयता पुनर्स्थापितसँगै सबै प्रकारका शोषण उत्पीडनबाट सबै उत्पीडित जातीहरूलाई मुक्तिको प्रत्याभुत गर्न,

मगर जातीय उत्पीडनको प्रमुख कारण गणप्रथात्मक राज्यसत्ता खोसिनु र तत्पश्चात आज पर्यन्त मगर जातिलाई राज्यसंचालनको सम्पूर्ण अधिकारबाट पूर्णतः वञ्चित गरिनु नै हो भन्ने स्पष्ट किटान भएकोले मगर राष्ट्रियताको विकासको लागि इतिहासको टुटेको कडी जोड्ने जातीय स्वायत्त शासनको प्रत्याभुत गर्न र,

नेपाल ऐतिहासिक कालदेखी स्वतन्त्र र सार्वभौम देशको रुपमा अस्तित्ववान रहेतापनि खास गरी सन् १८१६ को सुगौली सन्धी पश्चात नेपाल नवऔपनिवेशिक अवस्थामा रहँदै आएको बाह्य साम्राज्यवादी र विस्तारवादी शक्तिहरूको हस्तक्षेप र प्रभुत्व तथा आन्तरिक रुपले राष्ट्रिय आत्मसमर्पणवादीहरूबाट मुलुकको सिँगो राष्ट्रिय स्वाधिनता पार्नसक्ने गम्भिर खतरालाई महशुस गर्दै त्यसका विरुद्ध आम राष्ट्रवादी शक्तिहरू बीच संयुक्त मोर्चा कायम गरी राष्ट्रिय स्वाधिनताको रक्षार्थ दृढतापूर्वक सङ्घर्ष गर्दै,

आदिवासी सम्बन्धि संयुक्त राष्ट्र संघीय घोषणपत्र (UNDRIP) सन् २००७ र अन्तर्राष्ट्रिय श्रम सँगठन अभिसन्धी १६९ का प्रावधानहरूलाई आआफ्नो देशको

सन्दर्भमा कार्यान्वयन गराउन राज्य सरकारसँग जोडदार माग गर्दै,

मगर समाजको भाषिक, साँस्कृतिक भौगोलिक विविधता र मौलिकतालाई पुँजिकृत गर्दै, मगर समाजमा रहेका आदिवासीय ज्ञान, सीप, विश्वास र प्रथालाई संस्थागत गर्दै तथा मगर समाजका अग्रजहरूले नेपाल राज्य निर्माणमा अहिलेसम्मका सबै ऐतिहासिक घटनाहरूमा दिएको अग्रगामी योगदानलाइ सम्मान र स्मरण गर्दै,

अर्ध-सामन्ती र नव-औपनिवेशिक देश नेपालमा वैज्ञानिक समाजवादका लागि आधार तयार पार्न, नेपाली राष्ट्रियता विरोधी घरेलु सामन्तवाद, दलाल तथा नोकरशाही पूँजीपती वर्ग र बाह्य रुपमा साम्राज्यवाद, विस्तारवादका विरुद्ध संघर्ष गर्न, उत्पीडित मगरहरूलाई सँगठित र सचेत पार्दै सबै खाले उत्पीडनको अन्त्यको लागि चल्ने जातीय, वर्गीय मुक्ति आन्दोलनमा ऐक्यबद्धता जनाउन संघर्षरत मगर राष्ट्रिष्य मुक्ति मोर्चा, नेपालको राजनैतिक, वैचारिक र सांगठनिक नीतिहरूको व्यवस्था गर्न, पाँचौं राष्ट्रिय सम्मेलनबाट यो विधान पारित गरिएको हो ।

## भाग–१

## धारा– १: नाम, झण्डा, छाप र परिभाषा

**क) नाम:–**

यस मोर्चाको नाम " मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपाल" रहनेछ । अंग्रेजीमा (Magar National Liberation Front, Nepal) हुनेछ । छोटकरीमा म.रा.मु.मो., ने. (MNLF,N) भनिनेछ ।

**ख) झण्डा :–**

१) झण्डाको आकार :- रातो भुँईमा २:३ अनुपातको आयातकार झण्डाको बाँया माथि कुनातिर एउटा सेतो चम्किलो पाँचकुने तारा हुनेछ । बिच भागमा धनुषबाँण क्रस गरी राखेको, बाँण छड्के झण्डै ४५ डिग्री कोणमा दाँया माथी कुनातिर फर्केको हुनेछ ।

२) व्याख्या :- झण्डाको रातो भुँईले क्रान्ति र क्रान्तिकारी विचारलाई जनाउँछ । धनुषबाँणले हाम्रा पुर्खाहरूको प्रतीक (जीवन रक्षा र जीवनयापनको साधन) जनाउँछ र चम्किलो सेतो ताराले मुक्ति, स्वतन्त्रता र भविष्य जनाउँछ । संक्षिप्तमा यो झण्डाले, क्रान्तिकारी विचार, गौरवमय इतिहास र उज्यालो भविष्य तथा मगरहरूको एकताको प्रतिक (चिन्ह) जनाउँछ ।

**ग) छाप :-**

अण्डाकार भुँईको मध्य भागमा तारा र धनुषबाँण क्रस अंकित एक छाप रहनेछ। यसको माथिल्लो किनारमा मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपाल र तल्लो किनारमा केन्द्रीय वा सम्वन्धित तहको समिति, विभाग, सम्पर्क मञ्च, आयोग आदीको नाम रहनेछ। चिन्हको तल स्था. २०५४ रहनेछ। अंग्रेजीमा पनि सोही अनुसारको एक छाप रहनेछ।

**घ) परिभाषा :-**

१) " मगर" भन्नाले मंगोल महावंशभित्र पर्ने, भोटबेंली भाषा परिवार अर्न्तगत पर्ने आफ्नै भाषा भएको हिन्दु वर्णाश्रम व्यवस्थामा नपर्ने, नेपालको मगरात भूमीका रैथाने वा अन्यत्र गई बसोबास गरेका तर राज्यसत्ताको कारण आफ्नो भाषा बिर्सेका र नेपालीकरण भएका, मगर साँस्कृतीमा रहेका नेपालका आदिवासी मगर जातिलाई जनाउँने छ।

२) " मगरात" भन्नाले मगर जातिको पुर्ख्यौली भूमी तथा ऐतिहासिक काल देखी मगर जाति विचरण गर्दै हालसम्म पनि सघन बसोबास गर्दै आएको निश्चित प्रमाणिक क्षेत्र वा भूमि तथा प्राचिन मगर राज्य भएको क्षेत्रलाई जनाउँछ।

३) "मोर्चा" भन्नाले " मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपाल" लाई जनाउँने छ।

४) "विधान" भन्नाले मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपालको विधान २०७८ लाई जनाउँने छ।

## भाग–२

## धारा– २: सैद्धान्तिक आधारहरू

क) मालेमावाद र मानवतावाद मोर्चाको वैचारिक मार्गदर्शनको आधार मानिनेछ।

ख) मगरात स्वायत्त प्रदेशको स्थापना गरी त्यसलाई समाजवाद हुँदै विश्वमै मानिसद्वारा मानिसमाथीको सम्पूर्णखाले शोषण-उत्पीडनको अन्त्य भएको सुन्दर समाज निर्माण मोर्चाको आदर्श हुनेछ।

ग) पहिचान सहितको सङ्घीयता, एकीकृत मगरात प्रदेशको स्थापना र राज्यको हरेक निकायमा समानुपातिक समावेशी प्रतिनिधित्व र राजनैतिक अग्राधिकार सहितको जातीय स्वायत्त शासन स्थापना मोर्चाको तात्कालिक राजनैतिक कार्यदिशा हुनेछ।

घ) मगर समाजको समग्र सामाजिक, आर्थिक, राजनीतिक, साँस्कृति विकास र समृद्धि मोर्चाको प्रतिज्ञा हुनेछ।

ङ) सबैखाले न्यायपूर्ण युद्ध तथा संघर्षहरूको समर्थन र सबै खाले अन्यायपूर्ण युद्ध र शोषण दमनहरूको विरोध हाम्रो मोर्चाको मूल सैद्धान्तिक मान्यता हुनेछ।

## भाग–३

## धारा– ३: उद्देश्य तथा कार्यक्रम

क) अधिकार सहितको एकीकृत मगरात स्वायत्त राज्य स्थापना,रक्षा र विकासका लागि मोर्चाले मुख्य भूमिका खेल्नेछ।

ख) नेपालमा सबै जाति-जनजातीहरूले जातीय उत्पीडनबाट पूर्ण मुक्ति नपाउँदासम्म (राज्यसत्ता प्राप्त नगर्दासम्म) मोर्चा संघर्षको साधन हुनेछ र सत्ता प्राप्त भए पछि यसले प्रतिक्रान्ति रोक्न, जनदबाब सृजना गर्ने महत्वपूर्ण रणनीतिक भूमिका खेल्नेछ।

ग) सामन्ती दलाल तथा नोकरशाही पूँजीवाद र साम्राज्यवाद विरोधी, वामपन्थी देशभक्त र गणतान्त्रिक शक्तिहरूलाई व्यापकरुपमा गोलवन्द गर्दै पहिचानमा आधारित संघीयता, राष्ट्रिय स्वाधिनता कायम गर्न बृहत राष्ट्रवादी मोर्चा निर्माण गर्नु यसको तात्कालिन कार्यभार हुनेछ।

घ) आत्मनिर्णयको अधिकारको सैद्धान्तिक स्वीकारोक्ति सहित जातीय स्वायत्तताका लागि मोर्चा एकल वा संयूक्त रुपमा सम्पूर्ण उत्पीडित जाति-जनजातीहरूको राष्ट्रिय मुक्ति आन्दोलन वा जनवादी आन्दोलनसँग ऐक्यवद्धता जनाउदै कार्यगत एकता सहित निरन्तर संघर्षरत रहनेछ।

ङ) राज्यसत्ता खोसिनु र राजनीतिबाट बिमुख हुनु नै मगर जातीको उत्पीडनको प्रमुख कारण भएकोले सम्पूर्ण मगरहरूलाई आफ्नो हक अधिकारप्रति राजनीतिक चेतना जागृत गर्नका लागि निरन्तर सँगठित गरिरहनु मोर्चाको तत्कालिन र दीर्घकालिन कार्यक्रम हुनेछ।

च) मगर जातिको भाषा र संस्कृतीलाई अनुसन्धान, संरक्षण, समृद्धिकरण, प्रचार-प्रसार र जनवादीकरण गर्दै लैजाने।

छ) मगरसँग सम्वन्धित मगर जातीय संघ, सँगठनहरूसँग जायज र न्यायिक सवालहरूमा सहकार्य र कार्यगत एकता हुनेछ।

ज) संघ/प्रदेश/स्थानीय सरकार तथा दातृ निकायसँग सहयोग प्राप्त गरी तथा समन्वय गरी मगर समुदायको हित अभिवृद्धि हुने विभिन्न कार्यक्रमहरू संचालन गर्ने।

## भाग–४

### धारा– ४: सदस्यता

क) सदस्यता :- यसको निम्ति मोर्चाको विधान, उद्देश्य तथा कार्यक्रम स्वीकार गर्ने १६ वर्ष उमेर पुगेको जुनसुकै मगर व्यक्ति तथा मगर संस्थाले रु ५०।- सदस्यता शुल्क तिरी मोर्चाको सदस्य बन्न सक्नेछ। त्यसको नविकरण प्रत्येक १/१ वर्षमा गर्नुपर्नेछ।

ख) मानार्थ सदस्यता :- मगर समुदायको हक, हितको निम्ती प्रेरणादायी कार्य गरेका विशिष्ट व्यक्तिहरूलाई मोर्चाको मानार्थ सदस्ता प्रदान गर्न सकिनेछ।

## भाग–५

### धारा– ५: मोर्चाको सँगठनात्मक संरचना

**क) सँगठनात्मक ढाँचा :–**

१) मोर्चाको सँगठनात्मक ढाँचा केन्द्र, प्रदेश र स्थानीय तहको समिति गरी मुलतः ३ तहमा हुनेछ। आवश्यक्ता अनुसार वडा र टोल समिति गठन गर्न सकिनेछ। जिल्लाको भूमिका समन्वयकारी हुनेछ।

२) मुलक बाहिरका देशहरूमा स्थायी वा अस्थायी रुपमा बसोवास गरेका मगर समुदायलाई सम्पर्क र सँगठित गर्न विभिन्न मुलुकहरूमा शाखा समितिहरू बनाउन सकिने छ। यसको परिचालन र रेखदेखको लागि केन्द्रको मातहतमा छुट्टै विदेश विभाग बनाउन सकिने छ।

३) यस बाहेक केन्द्रीय समितिले आवश्यकता अनुसार विभिन्न विषयगत विभाग, समिति, उपसमिति शाखा तथा आयोगहरू गठन तथा विघटन गर्न सक्ने छ।

४) विभिन्न जातीय/क्षेत्रीय मोर्चासँग भाइचारा संगठनको सम्बन्ध विस्तार गर्न सक्नेछ।

५) मोर्चाको केन्द्रमा विशिष्ट व्यक्तित्वहरूको एक संरक्षक समिति रहनेछ।

**ख) केन्द्रीय समिति :–**

१) राष्ट्रिय सम्मेलनद्वारा केन्द्रीय समिति निर्वाचित हुनेछ।

२) केन्द्रीय समितिको संख्या १५१ जनाको हुनेछ।

३) समितिको पदाधिकारीहरूमा अध्यक्ष-१, वरिष्ठ उपाध्यक्ष-१, महिला उपाध्यक्ष -४, खुल्ला उपाध्यक्ष-४, भौगोलिक उपाध्यक्ष- ७, महासचिव-१, उपमहासचिव - ८, सचिव-१२, कोषाध्यक्ष-१, सहकोषाध्यक्ष -२ पद रहनेछ।

४)	केन्द्रीय सचिवालय :- मोर्चाको केन्द्रीय पदाधिकारी तथा अन्य सदस्य रहेको केन्द्रीय सचिवालय रहनेछ। जसमा कुल संख्याको १ तिहाई भन्दा बढी संख्या हुनेछैन।

**ग) केन्द्रीय सल्लाहकार समिति :-**

केन्द्रीय समितिलाई आवश्यक सल्लाह एवं सुझाव दिनका लागि केन्द्रीय समितिले वरिष्ठतम् मगर व्यक्तित्वहरूबाट केन्द्रीय सल्लाहकार समिति गठन गर्न सक्नेछ।

**घ) प्रदेश समिति :-**

१)	केन्द्रीय समितिको प्रत्यक्ष रेखदेख र मार्गनिर्देशनमा प्रदेश सम्मेलन सम्पन्न गरी प्रदेश समिति गठन गरिनेछ।

२)	प्रदेश समिति बढिमा ५१ जना सम्मको हुनेछ। जसमा अध्यक्ष-१, उपाध्यक्ष-३ (एक जना महिला अनिवार्य), सचिव-१, सहसचिव-१, कोषाध्यक्ष-१ र बाँकी सदस्य रहनेछन्।

३)	प्रदेश समितिले कुल सदस्य संख्याको एक तिहाईमा नबढाई एक सचिवालय गठन गर्न सक्नेछ।

४)	प्रदेश समितिले आवश्यकता अनुसार सल्लाहकार समिति बनाउन सक्नेछ।

**ङ) जिल्ला समन्वय समिति :-**

१)	केन्द्रीय तथा प्रदेश समितिको रेखदेखमा जिल्लाभित्रका स्थानीय तहहरूको समन्वयका लागि जिल्ला समन्वय समिति गठन गरिनेछ।

२)	जिल्ला समन्वय समिति संयोजक र सचिव सहित १५ देखी ३५ जना सम्मको हुनेछ। प्रत्येक स्थानीय तहको अध्यक्ष स्वतः जिल्ला समन्वय समितिको सदस्य हुनेछन।

३)	जिल्ला समन्वय समितिले कुल सदस्य संख्याको एक तिहाईमा नबढ्ने गरी एक सचिवालय गठन गर्न सक्नेछ।

४)	जिल्ला समन्वय समितिले आवश्यकता अनुसार सल्लाहकार समिति बनाउन सक्नेछ।

**च) स्थानीय तह समिति :-**

१) प्रदेश तथा जिल्ला समन्वय समितिको मार्ग निर्देशन र समन्वयमा स्थानीय तहको भेला सम्मेलन गरी गाउँ/नगर समितिहरूको गठन गर्न सकिनेछ।

२) महानगर/उपमहानगर समितिमा बढिमा ३५ जना सम्म र गाँउ/नगर समितिमा बढिमा २५ जना सम्मको समिति गठन गर्न सकिनेछ। जसमा अध्यक्ष-१, उपाध्यक्ष-१, सचिव-१, सह सचिव १, कोषाध्यक्ष-१,र बाँकी सदस्यहरू रहनेछन्।

३) वडा/टोल समितिमा आबश्यकता अनुसार बढिमा २१ जना सम्मको समिति गठन गर्न सकिनेछ। जसमा अध्यक्ष-१, सचिव-१, कोषाध्यक्ष-१, र बाँकी सदस्यहरू रहनेछन्।

**छ) प्रतिनिधि/पर्यवेक्षकको व्यवस्था :-**

मोर्चाको सँगठन विस्तार तथा मगर जातिको जनसंख्याको आधारमा केन्द्रीय समितिले राष्ट्रिय सम्मेलनको र प्रदेश समितिले प्रदेश सम्मलेन तथा स्थानीय तहको भेला/सम्मेलनको लागि प्रतिनिधी तथा पर्यवेक्षक निर्धारण गर्नेछ।

## भाग–६

## धारा– ६: समितिका काम, कर्तव्य र अधिकार

**क) केन्द्रीय समिति :-**

१) केन्द्रीय समिति मोर्चाको सर्वोच्च नेतृत्वदायी अंग हुनेछ। समितिको विधान बाझिएमा वा अन्य आवश्यक कुराहरू गर्नुपरेमा केन्द्रीय समितिले आवश्यक निर्णयहरू गरी लागु गर्न सक्नेछ।

२) सचिवालय तथा सल्लाहकार समितिको गठन गर्ने।

३) राष्ट्रिय सम्मेलनले निर्धारण गरेका निती, निर्देशन र पारित गरेको निर्णय तथा योजनाहरूको कार्यान्वायन गर्ने गराउने।

४) राष्ट्रिय सम्मेलनको लागि आवश्यक तयारी गर्ने।

५) सँगठनात्मक कार्य संचालन गर्ने, तल्ला समितिहरूलाई निर्देशन, रेखदेख र अनुगमन गर्ने।

६) आवश्यक परेको खण्डमा विशेष समिति र उपसमितिहरू गठन गरी संचालन गर्ने गराउने।

७)	स्वदेश तथा विदेशमा भाईचारा राष्ट्रिय वा जातीय मोर्चा तथा सँगठनहरूसँग सम्वन्ध विस्तार गर्ने ।
८)	केन्द्रीय समितिको कार्यकाल ३ वर्षको हुनेछ ।
९)	केन्द्रीय समितिको बैठक ६/६ महिनामा बस्नेछ ।

**ख) प्रदेश समिति :–**

१)	प्रदेश सचिवालय तथा सल्लाहकार समितिको गठन गर्ने ।
२)	केन्द्रीय समितिले निर्धारण गरेका नीति, निर्देशन गरेको निर्णयहरू लागु गर्ने गराउने र तल्ला समितिहरूलाई आवश्यक नीति निर्देशन गर्ने, अनुगमन गर्ने र सो को प्रतिवेदन माथिल्लो समितिमा पेश गर्ने गराउने ।
३)	प्रदेश सम्मेलनको लागि आवश्यक तयारी गर्ने ।
४)	सँगठनात्मक कार्य संचालन गर्ने, तल्ला समितिहरूलाई निर्देशन, रेखदेख र अनुगमन गर्ने ।
५)	आवश्यक परेको खण्डमा विशेष समिति र उपसमितिहरू गठन गरी संचालन गर्ने गराउँने ।
६)	सम्बन्धित प्रदेशका अन्य संस्था वा जातीय मोर्चा तथा सँगठनहरूसँग समन्वय र सम्बन्ध विस्तार गर्ने ।
७)	प्रदेश समितिको कार्यकाल २ वर्षको हुनेछ ।
८)	प्रदेश समितिको बैठक ३/३ महिनामा बस्नेछ ।

**ग) जिल्ला समन्वय समिति :–**

१)	माथिल्लो समितिले निर्धारण गरेका नीति, निर्देशन गरेको निर्णयहरू लागु गर्ने गराउने र तल्ला समितिहरूलाई आवश्यक नीति निर्देशन गर्ने, अनुगमन तथा समन्वय गरी र सो को प्रतिवेदन माथिल्लो समितिमा पेश गर्ने गराउने ।
२)	जिल्लाभित्रका गाउँ/नगर/वडा समितिहरूसँग आबश्यक समन्वय गर्ने ।
३)	सँगठनात्मक कार्य संचालन गर्ने, माताहतका समितिहरूलाई समन्वय, रेखदेख र अनुगमन गर्ने ।
४)	सम्बन्धित जिल्लाका अन्य संस्था वा जातीय मोर्चा तथा सँगठनहरूसँग समन्वय र सम्बन्ध विस्तार गर्ने ।
५)	जिल्ला समन्वय समितिको बैठक २/२ महिनामा बस्नेछ ।

**घ) गाउँ/नगर/वडा समिति :–**

१) गाउँ/नगर/वडा सचिवालय तथा सल्लाहकार समितिको गठन गर्ने ।

२) माथिल्लो समितिले निर्धारण गरेका नीति, निर्देशन गरेको निर्णयहरू लागु गर्ने गराउने र सो को प्रतिवेदन माथिल्लो समितिमा पेश गर्ने ।

३) गाउँ/नगर/वडा सम्मेलनको लागि आवश्यक तयारी गर्ने ।

४) आवश्यक परेको खण्डमा विशेष समिति र उपसमितिहरू गठन गरी संचालन गर्ने गराउँने ।

५) सम्बन्धित गाउँ/नगर/वडा समितिका अन्य संस्था वा जातीय मोर्चा तथा सँगठनहरूसँग समन्वय र सम्बन्ध विस्तार गर्ने ।

६) गाउँ/नगर/वडा समितिको कार्यकाल १ वर्षको हुनेछ ।

७) गाउँ/नगर/वडा समितिको बैठक १/१ महिनामा बस्नेछ ।

**ङ) समितिका पदाधिकारीहरूको काम र्कतव्य र अधिकार**

(अ) **अध्यक्षको काम कर्तव्य र अधिकार :**

१) मोर्चाको समग्र वैचारिक, राजनैतिक र साँगठनिक नेतृत्व प्रदान गर्ने । सम्बन्धित समितिको बैठकको अध्यक्षता गर्ने ।

२) मोर्चाको तर्फबाट आधिकारीक प्रतिनिधित्व र विचार सार्वजनिक गर्ने । सम्बन्धित समितीको सम्पुर्ण कार्य निरीक्षण तथा नियन्त्रण गर्ने ।

३) समिती अन्तर्गत सबै बिभाग वा उप समितीका कार्यहरूको निरिक्षण र निर्देशन गर्ने ।

४) कुनै विषयमा पक्ष वा विपक्षमा वरावर मत भएमा आफ्नो निर्णायक मत दिने ।

(आ) **वरिष्ठ उपाध्यक्ष/उपाध्यक्षहरूको काम कर्तव्य र अधिकार :**

१) अध्यक्षको कार्यमा सहयोग गर्ने ।

२) वरिष्ठ उपाध्यक्षले केन्द्रीय अध्यक्षको अनुपस्थितीमा निजले गर्ने सम्पुर्ण कार्य गर्ने साथै उपाध्यक्षहरूको कार्यको निरन्तर अनुगमन गरी निर्देशन गर्ने ।

(इ) **महासचिवको काम कर्तव्य र अधिकार :**

१) महासचिवले केन्द्रीय समितिको दैनिक कार्य तथा कार्यालय सम्बन्धित कामहरू गर्ने ।

२)	बैठकहरूमा केन्द्रीय समितिको तर्फबाट प्रतिवेदन पेश गर्ने ।

३)	केन्द्रीय विभाग र आवद्ध समितिहरूको अनुगमन तथा निरिक्षण गर्ने ।

(ई) **उपमहासचिवको काम कर्तव्य र अधिकार** :

१)	केन्द्रीय उपमहासचिवले महासचिवको कार्यमा सहयोग गर्ने । महासचिवको अनुपस्थितिमा निजको सम्पुर्ण कार्य तोकिए बमोजिमको गर्ने ।

(उ) **सचिवको काम कर्तव्य र अधिकार** :

१)	केन्द्रीय सचिवले महासचिव/उपमहासचिवको कार्यमा सहयोग गर्ने । उपमहासचिवको अनुपस्थितीमा निजको सम्पुर्ण कार्य तोकिए बमोजिम गर्ने ।

२)	प्रदेश, जिल्ला, गाउँ तथा नगर समितिका सचिवले सम्बन्धित समितिको सम्मेलनमा समितिको तर्फबाट प्रतिवेदन पेश गर्ने । समितिको दैनिक कार्य तथा कार्यालय सम्बन्धित कामहरू गर्ने ।

(ऊ) **कोषाध्यक्षको काम कर्तव्य र अधिकार** :

१)	कार्य समितिको सम्पुर्ण आर्थिक कारोबारको जिम्मा कोषाध्यक्षसँग हुनेछ ।

२)	समितिको आय व्ययको हिसाव चुस्त दुरुस्त राख्ने ।

३)	समितिको निर्णय अनुसार कोष सम्बन्धि सम्पुर्ण कार्य गर्ने ।

४)	सम्मेलन तथा भेला र बैठकमा समितिको आय व्याय विवरण पेश गर्ने ।

५)	सह-कोषाध्यक्षहरूले कोषाध्यक्षको काममा सहयोग गर्ने ।

## भाग –७

## धारा– ७: पदको रिक्तता

कुनै पनि पदाधिकारी तथा सदस्यहरूको पद निम्न अवस्थामा रिक्त हुनेछ ।

क)	मोर्चाको सदस्यता नविकरण नगरेमा ।

ख)	सम्बन्धित समितिमा राजिनामा दिई निजको राजिनामा स्वीकृत भएमा ।

ग)	समितिको बैठकमा लगातार ३ पटक भन्दा बढी जानकारी बिना अनुपस्थित भएमा ।

## भाग–८

## धारा– ८ः मोर्चा संचालन विधि

क) जनवादी केन्द्रीयताको सिद्धान्तको आधारमा मोर्चा संचालन हुनेछ।

ख) साधारण बहुमतको आधारमा कुनै पनि सभा, सम्मेलन, वैठकको निर्णय पारित हुनेछ।

ग) समितिका बहुमत सदस्यहरू कारणवस समितिबाट हटेमा बाँकी सदस्यहरूले आफु भन्दा माथिल्लो समितिको अनुमती लिएर आयोजक वा तयारी समिति गठन गर्नेछन्।

घ) केन्द्रीय समितिको हकमा भने राष्ट्रिय सम्मेलन प्रति जिम्मेवार रहने गरी तदर्थ वा तयारी समिति गठन गर्न सकिनेछ।

ङ) विशेष भेला : सँगठनमा असामान्य परिस्थिती उत्पन्न भएमा केन्द्रीय समितिको निर्णयद्वारा विशेष राष्ट्रिय भेलाको आयोजना गरिनेछ। जसले राष्ट्रिय सम्मेलनको अधिकार प्राप्त गर्नेछ।

## भाग–९

## धारा– ९ः अनुशासन

क) सँगठनको उद्देश्य, विधान र नीति विपरित कार्य गरी अनुशासन उल्लघंन गर्ने जुनसुकै तहको सदस्यलाई पनि सुधार्नका लागि स्तर अनुसार आवश्यक स्पष्टिकरण लिई आलोचना गर्ने, चेतावनी दिने, जिम्मेवारीबाट निलम्वन गर्ने, कार्वाहीको लागि माथिल्लो कमिटिमा सिफारिस गर्ने, अन्त्यमा निष्काशन गर्ने आदि समेत अनुशासनको कार्वाही सम्वन्धी समितिले गर्न सक्नेछ।

ख) कुनै पनि तहको समितिले अनुशासन उल्लघंन गरेको खण्डमा माथिल्लो समितिले आवश्यक स्पष्टिकरण लिएर आलोचना, चेतावनी र समितिलाई नै विघटन गर्न सक्नेछ।

ग) कुनै पनि अनुशासनको कार्वाही गर्दा चित्त नबुझेमा माथिल्लो समिति वा अन्तमा केन्द्रीय समिति भएर राष्ट्रिय सम्मेलनसम्म पनि पुर्नविचारको लागि अनुरोध गर्न सक्नेछ।

घ) बैठक बस्ने जानकारी हुँदाहुँदै लगातार ३ पटकसम्म कुनै पनि तहको वैठकमा अनुपस्थित हुने सदस्य सो जिम्मेवारीबाट स्वतः हटेको मानिनेछ।

## भाग–१०

## धारा– १०: विविध

क) कुनै पनि समितिले आवश्यकता अनुसारको निश्चित सदस्यहरू आमन्त्रण गरी विस्तारित वैठकको आयोजना गर्न सक्नेछ।

ख) केन्द्रीय समितिले मोर्चाको उद्देश्य र विधानसँग नबाँझिने गरी नियम, विनियम बनाई कार्यान्वयन गर्न सक्नेछ।

ग) विधानमा अस्पष्टता भएमा वा विधानको कुनै पनि धारा र उप-धारामा विवाद देखिएमा त्यसको व्याख्या गर्न र निर्णय दिने अधिकार केन्द्रीय समितिलाई हुनेछ।

घ) प्रत्येक राष्ट्रिय सम्मेलनले आवश्यकता अनुसार विधान संशोधन गर्न सक्नेछ।

**अनुसूची १ः**

**झण्डाको नमुना :**



**अनुसूची २ः**

**लोगोको नमुना :**

**अनुसूची ३ः**

**छापको नमुना :**

## अनुसूची ४ः
## सदस्यता पत्रको नमुना :


सम्पूर्ण मगरहरु एक हौं ।
'मार्क्सवाद, लेनिनवाद, माओवाद - जिन्दावाद !!'
मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपाल
................ समिति
सदस्यता-पत्र
नामः ........................................................
ठेगानाः ........................................................
सम्पर्कः ........................................................
जारी मितिः ........................................................
सदस्यता शुल्क रु. ५०/-
**सदस्यताप्रदान गर्नेको हस्ताक्षरः**
नामः
पदः
समितिः
बाहकको हस्ताक्षर

सम्पूर्ण मगरहरु एक हौं ।
'मार्क्सवाद, लेनिनवाद, माओवाद - जिन्दावाद !!'
मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपाल
................ समिति
सदस्यता नं.ः
सदस्यता-पत्र
फोटो
नामः ........................................................
ठेगानाः ........................................................
सम्पर्कः ........................................................
प्रमाणित गर्नेको हस्ताक्षर
जारी मितिः ........................................................

## अनुसूची ५ः
## शपथ ग्रहणको व्यहोरा :

म ......... मगर राष्ट्रिय मुक्ति मोर्चा नेपालको ....... समितिको ....... पदको जिम्मेवारी लिइरहेको यस महत्वपूर्ण घडिमा मोर्चाको झण्डासामु उभिएर प्रतिज्ञा गर्दछुकि म मोर्चाको कार्यक्रम र नीतिलाई मान्नेछु । मोर्चाको गोपनियता तथा एकता जोगाउँदै स्वच्छ एवं नैतिक आचरणयुक्त जीवन विताउनेछु । सबैखाले प्रतिक्रियावादी शक्ति, गलत विचार र गलत व्यवहारका विरुद्ध जुझिरहनेछु ।

हस्ताक्षर : ............
नाम : ..................
ठेगाना : .............
पद : ....................
समिति : ..........

**अनुसूची ६:**
**केन्द्रीय समितिको नामावली**

| क्र.सं. | नाम | जिम्मेवारी | जिल्ला |
|---|---|---|---|
| १ | गणेश मगर | अध्यक्ष | दैलेख |
| २ | कमल पिठाकोटेमगर | वरिष्ठ उपाध्यक्ष | पर्सा |
| ३ | गगन बहादुर ल्हायोमगर | उपाध्यक्ष | गोरखा |
| ४ | टिका बहादुर दर्लामीमगर | उपाध्यक्ष | सर्लाही |
| ५ | डम्बर बहादुर घर्तीमगर | उपाध्यक्ष | डोटी |
| ६ | लिला सोमैमगर | उपाध्यक्ष | पाल्पा |
| ७ | दिलकुमारी पुलामीमगर | उपाध्यक्ष | उदयपुर |
| ८ | चिनिमाया कालामगर | उपाध्यक्ष | बाग्लुङ |
| ९ | छमाया थापामगर | उपाध्यक्ष | गोरखा |
| १० | तिलक थापामगर | उपाध्यक्ष | मोरङ |
| ११ | दुर्गा बहादुर बुर्जामगर | उपाध्यक्ष | उदयपुर |
| १२ | पद्मा कुमारी रानामगर | उपाध्यक्ष | रौतहट |
| १३ | रामचन्द्रमगर | उपाध्यक्ष | सिन्धुपाल्चोक |
| १४ | कृष्ण बहादुर रानामगर | उपाध्यक्ष | गोरखा |
| १५ | हरिमान पुनमगर | उपाध्यक्ष | दाङ |
| १६ | टोप बहादुर दर्तामीमगर | उपाध्यक्ष | सुर्खेत |
| १७ | मिन बहादुर घर्तीमगर | उपाध्यक्ष | डोटी |
| १८ | माधव मगर | महासचिव | रामेछाप |
| १९ | लोकेन्द्र थापामगर | उपमहासचिव | स्याङ्जा |
| २० | जीवन प्रवेश रोकामगर | उपमहासचिव | रोल्पा |
| २१ | तुल्सा रानामगर | उपमहासचिव | पाल्पा |
| २२ | फणिन्द्र पुर्वाछानेमगर | उपमहासचिव | सुनसरी |
| २३ | तिर्थ बहादुर थापामगर | उपमहासचिव | मकवानपुर |
| २४ | अनिता थापामगर | उपमहासचिव | स्याङ्जा |

| | | | |
|---|---|---|---|
| २५ | विशाल पुनमगर | उपमहासचिव | रुकुम |
| २६ | दिपक रोकामगर | उपमहासचिव | अछाम |
| २७ | भक्त बहादुर लुङ्गेलीमगर | सचिव | ईलाम |
| २८ | सन्तोषमगर | सचिव | ओखलढुंगा |
| २९ | लेखराम जर्घामगर | सचिव | सर्लाही |
| ३० | भक्त बहादुर बलम्पाकीमगर | सचिव | रामेछाप |
| ३१ | वीर बहादुर ठाडामगर | सचिव | तनहुँ |
| ३२ | चन्द्र प्रसाद बुढाथोकीमगर | सचिव | म्याग्दी |
| ३३ | मनोज रानामगर | सचिव | रुपन्देही |
| ३४ | आस्माली पुनमगर | सचिव | बाँके |
| ३५ | तुल्सीराम घर्तीमगर | सचिव | सल्यान |
| ३६ | प्रेमलाल घर्तीमगर | सचिव | सल्यान |
| ३७ | टिकासरी बुढामगर | सचिव | कैलाली |
| ३८ | टुगा थापामगर | सचिव | काठमाडौं |
| ३९ | दयाजी रोकामगर | कोषाध्यक्ष | दाङ |
| ४० | हिरा थापामगर | सहकोषाध्यक्ष | धादिङ |
| ४१ | सुमित्रा बुढामगर | सहकोषाध्यक्ष | काठमाडौं |
| ४२ | अर्जुन खपाङ्गीमगर | केन्द्रीय सदस्य | सप्तरी |
| ४३ | अम्बिका खुलालमगर | केन्द्रीय सदस्य | सिन्धुली |
| ४४ | इमानसिं रानामगर | केन्द्रीय सदस्य | दैलेख |
| ४५ | उजेली बुढामगर | केन्द्रीय सदस्य | काठमाडौं |
| ४६ | ओम बहादुर थापामगर | केन्द्रीय सदस्य | स्याङजा |
| ४७ | कमला पुनमगर | केन्द्रीय सदस्य | बागलुङ |
| ४८ | कमला बुढा पुनमगर | केन्द्रीय सदस्य | रुकुम पश्चिम |
| ४९ | कर्ण बहादुर बुढामगर | केन्द्रीय सदस्य | रोल्पा |
| ५० | कर्ण बहादुरमगर | केन्द्रीय सदस्य | दोलखा |
| ५१ | कहरसिंह आलेमगर | केन्द्रीय सदस्य | पर्सा |

| | | | |
|---|---|---|---|
| ५२ | काशीराम बुढामगर | केन्द्रीय सदस्य | रोल्पा |
| ५३ | कुश बहादुर थापामगर | केन्द्रीय सदस्य | तनहुँ |
| ५४ | कृष्ण बहादुर तुम्सिङमगर | केन्द्रीय सदस्य | सर्लाही |
| ५५ | कृष्ण बहादुर रानामगर | केन्द्रीय सदस्य | ललितपुर |
| ५६ | केशरी पुनमगर | केन्द्रीय सदस्य | तनहुँ |
| ५७ | केशव थापामगर | केन्द्रीय सदस्य | धादिङ |
| ५८ | केहर सिं आलेमगर | केन्द्रीय सदस्य | तनहुँ |
| ५९ | खगेन्द्र बहादुर पुनमगर | केन्द्रीय सदस्य | दैलेख |
| ६० | गंग बहादुर घर्तीमगर | केन्द्रीय सदस्य | दैलेख |
| ६१ | गणेश थापामगर | केन्द्रीय सदस्य | डडेलधुरा |
| ६२ | गीता सुनाखरीमगर | केन्द्रीय सदस्य | सुर्खेत |
| ६३ | गुन्ज बहादुर सुस्लीङमगर | केन्द्रीय सदस्य | महोत्तरी |
| ६४ | गुप्त बहादुर रानामगर | केन्द्रीय सदस्य | स्याङ्जा |
| ६५ | गोविन्द र्याङमीमगर | केन्द्रीय सदस्य | ललितपुर |
| ६६ | चन्द बहादुर गाहामगर | केन्द्रीय सदस्य | नवलपुर पुर्व |
| ६७ | चन्द्र बहादुर रानामगर | केन्द्रीय सदस्य | काठमाडौं |
| ६८ | चन्द्रराज झाक्रीमगर | केन्द्रीय सदस्य | रुकुमपूर्व |
| ६९ | चित्र बहादुर रानामगर | केन्द्रीय सदस्य | धनकुटा |
| ७० | जय बहादुर घर्तीमगर | केन्द्रीय सदस्य | जाजरकोट |
| ७१ | जित बहादुर थापामगर | केन्द्रीय सदस्य | ललितपुर |
| ७२ | जित बहादुर रानामगर | केन्द्रीय सदस्य | काभ्रे |
| ७३ | जुनमाया घर्तीमगर | केन्द्रीय सदस्य | रोल्पा |
| ७४ | टिका रेश्मीमगर | केन्द्रीय सदस्य | अर्घाखाँची |
| ७५ | टोप बहादुर बलालमगर | केन्द्रीय सदस्य | अर्घाखाँची |
| ७६ | डम्मर सारुमगर | केन्द्रीय सदस्य | कैलाली |
| ७७ | डिल बहादुर थापामगर (डिवी) | केन्द्रीय सदस्य | नवलपरासी |
| ७८ | डुटी कुमारी पुनमगर | केन्द्रीय सदस्य | रोल्पा |

| | | | |
|---|---|---|---|
| ७९ | डोमाकान्त कँवरमगर | केन्द्रीय सदस्य | दाङ |
| ८० | ताम बहादुर सराङकोटीमगर | केन्द्रीय सदस्य | रुपन्देही |
| ८१ | तिल बहादुर पुन (तिलक) | केन्द्रीय सदस्य | काठमाडौं |
| ८२ | तुल बहादुर थापामगर | केन्द्रीय सदस्य | कञ्चनपुर |
| ८३ | तुलाराम गरङजामगर | केन्द्रीय सदस्य | पाल्पा |
| ८४ | तेजिन्द्र सलामीमगर | केन्द्रीय सदस्य | गुल्मी |
| ८५ | थम प्रकाश पुनमगर | केन्द्रीय सदस्य | वागलुङ |
| ८६ | दिपक आलेमगर | केन्द्रीय सदस्य | मोरङ |
| ८७ | दिपा घर्तीमगर | केन्द्रीय सदस्य | प्यूठान |
| ८८ | दिल बहादुर आलेमगर | केन्द्रीय सदस्य | काभ्रे |
| ८९ | दिल बहादुर आलेमगर | केन्द्रीय सदस्य | रौतहट |
| ९० | दिल बहादुर पुर्जामगर | केन्द्रीय सदस्य | म्याग्दी |
| ९१ | दुधराज पुलामीमगर | केन्द्रीय सदस्य | सिन्धुली |
| ९२ | देउकला कुमारी घर्तीमगर | केन्द्रीय सदस्य | रोल्पा |
| ९३ | धन बहादुर पुनमगर | केन्द्रीय सदस्य | रोल्पा |
| ९४ | ध्रुव रानामगर | केन्द्रीय सदस्य | नुवाकोट |
| ९५ | नकुल राना मगुर | केन्द्रीय सदस्य | भक्तपुर |
| ९६ | नरध्वज थापामगर | केन्द्रीय सदस्य | रामेछाप |
| ९७ | नविन पुनमगर | केन्द्रीय सदस्य | डोटी |
| ९८ | नारायण सुस्लीङमगर | केन्द्रीय सदस्य | ललितपुर |
| ९९ | निर कुमारमगर | केन्द्रीय सदस्य | खोटाङ |
| १०० | नीरमाया श्रीसमगर | केन्द्रीय सदस्य | बागलुङ |
| १०१ | नेत्र पुलामीमगर | केन्द्रीय सदस्य | ललितपुर |
| १०२ | पुजा दर्लामीमगर | केन्द्रीय सदस्य | सुर्खेत |
| १०३ | प्रवेश पुनमगर | केन्द्रीय सदस्य | रुकुमपूर्व |
| १०४ | बम बहादुर गुर्मछान | केन्द्रीय सदस्य | धनुषा |
| १०५ | बम बहादुरमगर | केन्द्रीय सदस्य | रामेछाप |

| | | | |
|---|---|---|---|
| १०६ | बाबुराम थापामगर | केन्द्रीय सदस्य | बारा |
| १०७ | भिम बहादुर रानामगर | केन्द्रीय सदस्य | तनहुँ |
| १०८ | भुपेन्द्र घर्तीमगर (सविन) | केन्द्रीय सदस्य | दाङ |
| १०९ | भुपेन्द्र पुनमगर | केन्द्रीय सदस्य | बाँके |
| ११० | मदन कुमार घर्तीमगर | केन्द्रीय सदस्य | रोल्पा |
| १११ | मन बहादुर सुनाखरी | केन्द्रीय सदस्य | नवलपुर पुर्व |
| ११२ | मनकुमारी सिंजाली | केन्द्रीय सदस्य | गुल्मी |
| ११३ | मनोज बुढाथोकीमगर | केन्द्रीय सदस्य | जुम्ला |
| ११४ | मिन बहादुर सारुमगर | केन्द्रीय सदस्य | सुनसरी |
| ११५ | मिन रानामगर | केन्द्रीय सदस्य | सुनसरी |
